# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ अंक ३५ काठमाडौं आइतबार, १५ जेठ २०७९ Prabhab National Daily, Sunday, May 29, 2022 URLwww.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-


प्रधानमन्त्री देउवाले भने-

## 'जनमतको कदर गर्नुको विकल्प छैन'



■ प्रभाव संवाददाता

**काठमाडौं-** प्रधानमन्त्री शेरबहादुर देउवाले सार्वभौम जनता नै निर्णायक शक्ति भएकाले जनमतको कदर गर्नुको विकल्प नभएको बताएका छन् । प्रतिनिधिसभाको शनिबारको बैठकमा सांसदका जिज्ञासाको जवाफ दिँदै उनले साधन र स्रोतको सीमितताका बीच पनि स्थानीय तहको निर्वाचन समग्रतामा शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न भएको बताए ।

उनले शनिबार प्रतिनिधिसभाको बैठकमा सरकारको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम सम्बन्धमा भएको छलफलमा सांसदहरूले राखेका धारणा, सरोकार, जिज्ञासा तथा सुझावहरूका विषयमा स्पष्ट पारेका हुन् ।

राष्ट्रपतिबाट संघीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई यही जेठ १० गते सम्बोधन गरेकी थिइन् । प्रधानमन्त्री देउवाले प्रतिनिधिसभाको अवरोध हटेर संसदीय प्रक्रिया पुनः सञ्चालन गराएकामा प्रमुख प्रतिपक्ष दललाई धन्यवाद दिँदै रचनात्मक स्वस्थ र मर्यादित बहसबाट संसद्को गरिमा कायम राख्न सकिने उल्लेख गरे । 'नागरिकले संसद्भित्रका हाम्रा गतिविधिलाई नजिकबाट नियालिरहेका छन् । संसदीय मूल्य र मान्यतालाई थप परिष्कृत बनाउँदै हाम्रो लोकतान्त्रिक अभ्यासलाई सुसंस्कृत बनाउनेतर्फ हामी सबैको ध्यान जान जरुरी छ,' उनले भने ।

सांसदहरूबाट छलफलको क्रममा उठाएका विषय र प्रस्तुत गरिएका संशोधन प्रस्तावप्रति सरकारको ध्यानाकर्षण भएको बताउँदै उनले कार्यान्वयन हुनसक्ने विषयको सान्दर्भिकता र उपयुक्तता हेरेर सरकारले आगामी दिनमा सम्बोधन गर्दै जाने बताए । प्रधानमन्त्री देउवाले दोस्रो कार्यकालका लागि भर्खरै सबै स्थानीय तहको निर्वाचन सम्पन्न भएको बताउँदै पहिलोपटक एकैसाथ सबै स्थानीय तहको निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भएको उल्लेख गरे ।

'निर्वाचनको निष्पक्षताका बारेमा केही माननीय सदस्यले चासो राख्नुभएको छ । यससम्बन्धमा सरकारको धारणा स्पष्ट पार्न चाहन्छु । देशभरि एकैपटक एकैसाथ निर्वाचन सम्पन्न गर्नु चुनौतीपूर्ण विषय थियो । साधन र स्रोतको (**बाँकी पृष्ठ २ मा**)

# महानगर फेर्ने मुहार

**कांग्रेसले तीन तथा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टीले एक/एक महानगरको नेतृत्व हात पारे । प्रमुख जित्न नसकेको एमालेले चार महानगरको उपप्रमुखमा सफलता हात पारेको छ ।**

■ प्रभाव संवाददाता

**काठमाडौं-** वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनअन्तर्गत ७५२ स्थानीय तहको अन्तिम नतिजा आइसकेको छ । बाजुराको बूढीगंगा नगरपालिकामा भने विवाद भएपछि निर्वाचन आयोगले फेरि मतदान गर्न भनेको छ । आयोगले बाजुराका प्रमुख जिल्ला अधिकारी (सिडिओ), नेपाल प्रहरी र सशस्त्रका डिएसपीलाई जिम्मेवारीबाट हटाएर नयाँ कर्मचारी पठाउन पनि गृह मन्त्रालयलाई निर्देशन दिएको छ ।

बूढीगंगामा मतदान भएर अन्तिम नतिजा आएपछि यसपटकको स्थानीय निर्वाचनको मैझारो हुनेछ । यसपटकको निर्वाचनमा नेपाली कांग्रेस सबैभन्दा ठूलो दल बन्न पुग्यो भने महानगरतर्फ एमाले शून्य भयो । अर्थात् छ वटा महानगरपालिकामध्ये एमालेले कुनै पनि महानगरमा प्रमुख जित्न सकेन । अघिल्लोपटक एमालेले दुई महानगरपालिको नेतृत्व लिएको थियो ।

छ महानगरमध्ये देशको संघीय राजधानीसमेत रहेको काठमाडौं महानगरपालिकामा स्वतन्त्र उम्मेदवार बालेन्द्र (बालेन) साह निर्वाचित भए । ललितपुर र भतरपुरमा पुरानै प्रमुख दोहोरिए भने पोखरा महानगर एमालेले गुमाउन पुग्यो । जहाँ एमालेबाटै फुटेर बनेको एकीकृत समाजवादीले प्रमुख जित्यो ।

कांग्रेसले तीन, माओवादी केन्द्रले एक, नेकपा एकीकृत समाजवादीले एक र जनता समाजवादी पार्टीले एक महानगरको नेतृत्व हात पारे । काठमाडौंबाहेक सबै महानगरमा गठबन्धनका उम्मेदवार विजयी भए । प्रमुख जित्न नसके पनि एमालेले चार महानगरमा उपप्रमुख जितेको छ ।

**देशकै कान्छा महानगर प्रमुख बने बालेन**

निकै चासोका साथ हेरिएको र बजेटका हिसाबले पनि सबैभन्दा ठूलो बजेट हुने काठमाडौं महानगरपालिकाको प्रमुखमा ३१ वर्षीय बालेन निर्वाचित भए । स्वतन्त्र उम्मेदवारी दिएका उनले सत्ता गठबन्धन र एमालेका उम्मेदवारलाई पराजित गर्दै महानगर प्रमुखको कुर्सीमा पुग्न सफल भए ।

पाँचदलीय गठबन्धनका तर्फबाट साझा उम्मेदवार बनेकी नेपाली कांग्रेसकी सिर्जना सिंह र नेकपा एमालेका केशव स्थापितलाई ठूलो मतान्तरले पराजित गर्दै बालेन काठमाडौंको प्रमुख चुनिए । उनले ६१ हजार ७६७ मत पाए । दोस्रो भएकी कांग्रेसकी सिंहले ३८ हजार ३४१ मत प्राप्त गरिन् भने एमालेका स्थापितले ३८ हजार ११७ मत प्राप्त गरे ।


बालेन पेसाले इञ्जिनियर हुन् । नयाँ पुस्ताबीच उनी र्‍यापरका रूपमा पनि चर्चित छन् । काठमाडौंको गौरीगाउँमा जन्मिएका बालेन आयुर्वेदिक चिकित्सक डा.रामनारायण साह र ध्रुवदेवी साहका छोरा हुन् । उनको पुर्ख्यौली महोत्तरीको एकडारा हो ।

उनले ह्वाइट हाउस इन्स्टिच्युट अफ टेक्नोलोजीबाट सिभिल इञ्जिनियरिङमा स्नातक र भारतको कर्नाटक विश्वेश्वरैया राष्ट्रिय प्रौद्योगिक संस्थानबाट स्ट्रक्चरल इञ्जिनियरिङमा स्नातकोत्तर गरेका छन् । प्रमुख बालेनले काठमाडौं महानगरपालिकालाई पूर्ण विकसित देशकै उत्कृष्ट सहर बनाउने प्रयत्न गर्ने बताएका छन् । यसका लागि आफ्नो सम्पूर्ण क्षमता, योग्यता र कुशलतालाई प्रयोग गर्ने उनी बताउँछन् ।

'यो पाँच वर्ष काठमाडौं महानगरपालिकाबाहेक (**बाँकी पृष्ठ ३ मा**)



बालेन्द्र शाह
काठमाडौं





चिरीबाबु महर्जन
ललितपुर



रेनु दाहाल
भरतपुर



धनराज आचार्य
पोखरा



राजेशमान सिंह
वीरगञ्ज



नागेश कोइराला
विराटनगर

**सन्दर्भ : वैदेशिक रोजगार**

## ५६ लाख ६५ हजार नेपाली वैदेशिक रोजगारीमा

| देश | २०७८ असारसम्म | | | आर्थिक वर्ष २०७८/७९ को पहिलो ८ महिना | | | २०७८ फागुनसम्म | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| कतार | १२०१००३ | १८९७९ | १२१९९८२ | ५५४१६ | २६०९ | ५८०२५ | १२५६४१९ | २१५८८ | १२७८००७ |
| मलेसिया | १२३१२७३ | २७४५४ | १२५८७२७ | १५४ | ७ | १६१ | १२३१४२७ | २७४६१ | १२५८८८८ |
| साउदी अरब | ९४०९५५ | ७७१९ | ९४८६७४ | १००१९५ | ११८ | १००३१३ | १०४११५० | ७८३७ | १०४८९८७ |
| युएई | ५७५६९८ | ६३००३ | ६३८७०१ | २८४६२ | ८४१० | ३६८७२ | ६०४१६० | ७१४१३ | ६७५५७३ |
| कुवेत | १०६७७८ | ४२४०३ | १४९१८१ | ६७९० | १२२१ | ८०११ | ११३५६८ | ४३६२४ | १५७१९२ |
| बहराईन | ५३३७२ | ४७४७ | ५८११९ | ४७२१ | ३४१ | ५०६२ | ५८०९३ | ५०८८ | ६३१८१ |
| ओमान | ३२५६५ | ५८२१ | ३८३८६ | २१५८ | ३९८ | २५५६ | ३४७२३ | ६२१९ | ४०९४२ |
| द. कोरिया (अन्य) | ३६७४४ | २०३२ | ३८७७६ | ७८ | १ | ७९ | ३६८२२ | २०३३ | ३८८५५ |
| द. कोरिया (ईपिएस) | ५५७४० | ३४१७ | ५९१५७ | ३३८ | ६४ | ४०२ | ५६०७८ | ३४८१ | ५९५५९ |
| लेबनान | १२१८ | ११५४१ | १२७५९ | २ | १ | ३ | १२२० | ११५४२ | १२७६२ |
| ईजरायल | २२९२ | ४४२२ | ६७१४ | १०२ | १९७ | २९९ | २३९४ | ४६१९ | ७०१३ |
| अफगानिस्तान | १४३५३ | ५६ | १४४०९ | १२५ | ० | १२५ | १४४७८ | ५६ | १४५३४ |
| जापान | १८९१० | ११८१ | २००९१ | ८० | १५ | ९५ | १८९९० | ११९६ | २०१८६ |
| अन्य | ६९३०९७ | ९५६६६ | ७८८७६३ | १८६१९५ | १४५८९ | २००७८४ | ८७९२९२ | ११०२५५ | ९८९५४७ |
| **जम्मा** | **४९६३९९८** | **२८८४४१** | **५२५२४३९** | **३८४८१६** | **२७९७१** | **४१२७८७** | **५३४८८१४** | **३१६४१२** | **५६६५२२६** |

स्रोतः वैदेशिक रोजगार विभाग, २०७८

■ प्रभाव संवाददाता

**काठमाडौं-** श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या ५६ लाख ६५ हजार २५६ पुगेको छ । अर्थ मन्त्रालयले सार्वजनिक गरेको चालु आर्थिक वर्षको आर्थिक सर्वेक्षणअनुसार गत फागुनसम्ममा उक्त संख्यामानेपाली श्रमिक रोजगारीका लागि विदेश गएकाहुन् ।

वैदेशिक रोजगारीमा गएकामध्ये सबैभन्दा धेरै संख्या कतारमा रहेको छ । गत फागुनसम्म कतारमा गएकाको संख्या १२ लाख ७८ हजार पुगेको तथ्यांक छ । यो समग्र वैदेशिक रोजगारीमा जाने संख्याको २२.५५ प्रतिशत हो । दोस्रोमा रोजगार गन्तव्यको रूपमा मलेसिया बनेको छ । मलेसियामा १२ लाख ५८ हजार ८८८ जना रोजगारीको लागि पुगेका छन् । यो विदेश जाने कूल संख्याको २२.२२ प्रतिशत हो ।

त्यस्तै तेस्रोमा साउदी अरबमा १० लाख ४८ हजार ९८७ जना गएका छन् । यो संख्या कूल संख्याको १८.५१ प्रतिशत हो । चौथोमा युएई परेको छ । त्यहाा छ लाख ७५ हजार ५७३ नेपाली श्रम स्वीकृति लिएर रोजगारीका लागि गएका छन् । यो वैदेशिक रोजगारीमा गएका कूल संख्याको ११.९२ प्रतिशत हो । यी चार मुलुक प्रमुख रोजगार गन्तव्य रहेको अर्थिक सर्वेक्षणले देखाएको छ । समग्रमा नेपाली श्रमिकको ७५.२२ प्रतिशत संख्या कतार, मलेसिया, साउदी अरब र युएईले ओगटेको छ ।

त्यसैगरी कुवेतमा एक लाख ५७ हजार १९२, बहराइनमा ६३ हजार १८१, ओमानमा ४० हजार ९४२, दक्षिण कोरिया (अन्य)मा ३८ हजार ८५५ र इपिएसमार्फत ५९ हजार ५५९, लेबनान १२ हजार ७६२, इजरायलसात हजार १३, अफगानिस्तानमा १४ हजार ५३, जापानमा २० हजार १८६ तथा अन्यमा नौ लाख ८९ हजार ५४७ जना श्रमिक रोजगारीका लागि गएको अर्थ मन्त्रालयद्वारा सार्वजनिक गरेको आर्थिक सर्वेक्षणले देखाएको छ ।

## विवरण बुझाउन म्यानपावर कम्पनीलाई म्याद थप

■ प्रभाव संवाददाता

**काठमाडौं-** सरकारले मलेसियामा रोजगारीका लागि पठाएका कामदार र रोजगारदाता कम्पनीको विवरण बुझाउन म्यानपावर कम्पनीहरूलाई दिएको म्याद थप गरेको छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघले तोकिएको समयमा विवरण बुझाउन नसकिने भन्दै १५ दिन म्याद थप गर्न आग्रह गरेपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गतको वैदेशिक रोगार विभागले म्याद थप गरेको हो ।

विभागले यही ५ जेठमा सात दिनको समय दिएर इजाजत प्राप्त म्यानपावर कम्पनीहरूलाई विवरण बुझाउन सूचना जारी गरेको थियो । तर, संघले हालैमात्र स्थानीय निर्वाचन सम्पन्न भएको र व्यवसायीहरू विविध कार्यमा व्यस्त रहेको व्यहोरा उल्लेख गरी१५ दिन म्याद थप्न आग्रह गरेअनुसार यही जेठ २६ गतेसम्म म्याद थप गरेको विभागले जनाएको छ । विभागले यही जेठ १० गतेको पत्रसाथ संलग्न गरी पठाएको ढाँचामा माग गरिएको विवरण अनिवार्यरूपमा तोकिएको समयमै विभागमा उपलब्ध गराउन निर्देशन दिँदै पुनः पत्राचार गरेको हो ।

मलेसिया पठाइएका श्रमिकहरूको रोजगादाता कम्पनीको विवरण र रोजगारदाताबाट प्राप्त भएको हवाई टिकटसहित अन्य सेवा शुःल्कको आम्दानी र खर्च विवरण पेस गर्न विभागले जारी गरेको सूचनामा आग्रह गरिएको छ । मलेसियास्थित रोजगारदाताबाट मागपत्र हात पार्नम्यानपावर व्यवसायीले अस्वस्थ प्रतिस्पर्धा गरेको तथ्य बाहिरिएपछि विभागले सत्यतथ्य जानकारी उपलब्ध गराउन व्यवसायीसँग विवरण माग गरिएको उल्लेख गरेको छ ।

श्रममन्त्री कृष्णकुमार श्रेष्ठको पछिल्लो मलेसिया भ्रमणको क्रममा कामदारको मागपत्र प्राप्त गर्न नेपाली व्यवसायीहरूबीच अस्वस्थ प्रतिस्पर्धा हुने गरेको विषय त्यहाँका अधिकारीहरूले उठाएका थिए । त्यसपछि विभागलेएक कार्यदल बनाई अध्ययन थालेको हो । मलेसिया भ्रमणपछि मन्त्री श्रेष्ठले नेपाल सरकार र मलेसियाबीच सन् २०१८ मा भएको द्विपक्षीय श्रमसम्झौताअनुसार मलेसिया जाने कामदारको हकमा 'फ्रि भिसा, फ्रि टिकट'को प्रावधानविपरीत भइरहेका गतिविधि नियन्त्रणका लागि आवश्यक कदम चाल्न विभागलाई निर्देशन दिएका थिए । द्विपक्षीय सम्झौता अनुसार मलेसिया जाने कामदारको हकमा आउने-जाने हवाइ टिकट, भिसा जारी तथा नवीकरण दस्तुर, लेबीलगायतका शुःल्करोजगारदाताले नै बेहोर्नुपर्ने व्यवस्था विद्यमान रहेको विभागले जनाएको छ ।

उल्लिखित व्यवस्थाविपरीत मलेसियाबाट कामदारको मागपत्र प्राप्त गर्न अस्वस्थ प्रतिस्पर्धा र ठूलो रकमको चलखेल गर्नुपर्ने अवस्था आउनु दुःखद रहेको स्वयं व्यवसायीहरू नै बताउँछन् । फ्रि भिसा, फ्रि टिकटका कारण यस्तो अवस्था झेल्नुपरेको एक म्यानपावर व्यवसायीले बताए । 'जसरी पनि कामदारको माग ल्याउनु छ, एक आर्थिक वर्षमा १०० जना कामदार पठाउन नसके कम्पनी नै खारेज हुन्छ,' ती व्यवसायीले भने, ' कामदारको डिमाण्ड ल्याउन मैले पैसा नदिए अर्कोले दिन्छ । अस्वस्थ प्रतिस्पर्धा र पैसाको चलखेल त हुने नै भयो ।' सरकारले तत्काल फ्रि भिसा, फ्रि टिकटको प्रावधान हटाए अहिले देखिएको बेथिति स्वतः हट्ने उनको दाबी छ ।

विभागले श्रम सम्झौताअनुरूप कार्यान्वयन भइरहेको विद्यमान व्यवस्थाविपरीत भइरहेका गतिविधि वा हुनसक्ने अवस्थाको अन्त्य गरी वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन व्यवसायीहरूलाई आग्रहगरेको छ ।

## आर्थिक वृद्धि ५.८४ प्रतिशतमा सीमित हुने

■ प्रभाव संवाददाता

**काठमाडौं-** चालु आर्थिक वर्षमा मुलुकको अर्थिक वृद्धि ५.८४ प्रतिशतमा खुम्चिने अनुमान गरिएको छ । सरकारले शनिबार संसद्मा प्रस्तुत गरेको आर्थिक सर्वेक्षण २०७८/७९ मा उक्त अनुमान गरिएको हो । गत आर्थिक वर्षमा यस्तो वृद्धिदर ४.२५ प्रतिशत रहेकोमा चालु आवको बजेटमा सात प्रतिशत हासिल गर्ने लक्ष्य राखिएको थियो ।

यद्यपि, कोभिड-१९ महामारीको प्रभाव क्रमशः न्यून हुँदै गएको तथा ऊर्जा क्षेत्रको विस्तार उत्साहप्रद रहेका कारण अर्थतन्त्रमा विस्तार भएको सर्वेक्षणमा उल्लेख गरिएको छ । विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ महामारीका कारण सन् २०२० मा प्रायः सबै मुलुकहरूको अर्थतन्त्रसहित विश्व अर्थतन्त्र संकुचित हुन पुगेको थियो ।


चालु आर्थिक वर्षमा कृषि, उद्योग र सेवा क्षेत्रको कूल मूल्यवृद्धि क्रमशः २.३ प्रतिशत ८.१ प्रतिशत र ६.६ प्रतिशतले बढ्ने अनुमान रहेको छ । कूल मूल्यवृद्धिमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २३.९ प्रतिशत, १४.३ प्रतिशत र ६१.८ प्रतिशत रहेको छ ।

चालु आर्थिक वर्षको फागुनसम्म मुलुकको कूल गार्हस्थ उत्पादन (उपभोक्ताको मूल्यमा) ४८ खर्ब ५१ अर्ब ६२ करोड रूपैयाँ पुगेको प्रतिवेदनमा उल्लेख छ । यसमा बागमती प्रदेशको अंश सबैभन्दा बढी ३६.९ प्रतिशत र कर्णाली प्रदेशको सबैभन्दा कम ४.१ प्रतिशत रहने अनुमान सर्वेक्षणमा गरिएको छ ।

आर्थिक वर्ष २०७८/७९ मा प्रदेशगत कूल गार्हस्थ उत्पादनको वृद्धिदर प्रदेश १ मा ५.४१ प्रतिशत, मधेस प्रदेशमा ४.८२ प्रतिशत बागमती प्रदेशमा ६.७४ प्रतिशत, गण्डकी प्रदेशमा ६.१७ प्रतिशत लुम्बिनी प्रदेशमा ५.३६ प्रतिशत, कर्णाली प्रदेशमा ५.४७ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा ४.९२ प्रतिशत हुने अनुमान रहेको उल्लेख छ ।

आर्थिक वर्ष २०७७/७८ मा कूल गार्हस्थ्य उत्पादनमा उपभोगको अंश ९२.३ प्रतिशत रहेकामा आर्थिक वर्ष २०७८/७९ मा केही कमी भई ९०.७ प्रतिशत रहने अनुमान छ । आर्थिक वर्ष २०७६/७७ मा कूल लगानी २५.९ प्रतिशतले संकुचन भएकामा पछिल्ला दुई वर्षमा यस्तो लगानी बढेको छ । आर्थिक वर्ष २०७७/७८ मा २९.३ प्रतिशतले वृद्धि भएको कूल लगानी चालु आर्थिक वर्षमा १८.१ प्रतिशतले वृद्धि भई १८ खर्ब सात अर्ब २९ करोड रूपैयाँ पुग्ने अनुमान उत्पादनसँग कूल लगानीको अनुपात ३४.८ प्रतिशत रहेकामा आर्थिक वर्ष २०७८/७९ मा यस्तो अनुपातमा वृद्धि भई ३७.३ प्रतिशत पुग्ने अनुमान आर्थिक सर्वेक्षणले गरेको छ ।

# स्थानीय तहमा कुन दलका कति जनप्रतिनिधि निर्वाचित ?




■ अशोक घिमिरे

**काठमाडौं–** स्थानीय तह निर्वाचन सकिएको छ । गत वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनको मतगणनाको अन्तिम परिणाम लगभग आइसकेको छ। बाजुराको बूढीगंगा नगरपालिकामा मतदान हुन बाँकी छ भने उदयपुरको त्रियुगा नगरपालिकामा मतगणना जारी छ।

नेपालको संविधान २०७२ जारी भएपछिको यो दोस्रो स्थानीय तह निर्वाचनमा प्राप्त मतपरिणामका आधारमा खासगरी राष्ट्रिय राजनीतिक दलको अवस्थाको मूल्यांकन भइरहेको छ । करिब एक वर्षअघि मुलुकको सबैभन्दा ठूलो दल नेपाल कम्युनिस्ट पार्टीमा आएको फुटपछि बनेको पाँचदलीय गठबन्धन सरकार स्थानीय तहको निर्वाचनमा पनि सहकार्यका साथ गएको तथा संसद्को ठूलो दल नेकपा एमालेले एक्लै निर्वाचन जित्ने दाबीका बीच सम्पन्न निर्वाचन परिणाम बढी चर्चित छ।

नेपालको संघीय र प्रादेशिक संसद्को समयावधि पनि आगामी मंसिरसम्म रहेको र अबको बढीमा सात महिनामा संसद्कै निर्वाचन हुने भएकाले पनि प्राप्त स्थानीय निर्वाचनको जोड घटाउको चर्चा चुलिएको हो । यस निर्वाचनमा राष्ट्रिय राजनीतिक दलभन्दा बाहिरबाट काठमाडौं महानगरलगायत कतिपय ठूला नगरमा स्वतन्त्र उम्मेदवारको उदयले पनि निर्वाचन परिणामलाई रोचक बनाइदिएको छ।

स्थानीय तह निर्वाचनमा मतदाताले युवा र अघिल्लो निर्वाचनको काम गरी विशेषतः दुई मान्यता स्थापित गर्न खोजेको देखियो । राजधानी काठमाडौंमा अवस्थित नेपालको सबैभन्दा पुरानो र ठूलो महानगरपालिका काठमाडौं महानगरपालिकामा पहिलोपटक मतदाताले राष्ट्रिय राजनीतिक दलभन्दा बाहिरबाट स्वतन्त्र हैसियतका युवा बालेन्द्र (बालेन) शाहलाई विजयी गराएका छन्।

यो मतदाताले स्थापित गर्न खोजेको युवा नेतृत्व मात्र नभएर देशका ठूला राजनीतिक दलका विगतका महानगरका नेतृत्वले दिन नसकेका परिणामको नतिजा हो । काठमाडौं महानगरसँगै जोडिएको ललितपुर महानगरपालिकामा भने मतदाताले ६५ वर्षीय चिरिबाबु महर्जनलाई पुनः चुनेका छन् । राजधानीबाहिर धरान र धनगढी उपमहानगरपालिकामा पनि मतदाताले परम्परागत दलबाहिरबाटै युवा नेतृत्वको चयन गरेका छन्। यसरी सम्पन्न स्थानीय निर्वाचनमा मतदाताले दलभन्दा पनि कामलाई प्राथमिकता दिएको सन्देशका रूपमा लिन सकिन्छ।

हालसम्म प्राप्त मतपरिणामअनुसार कांग्रेस पहिलो स्थानमा छ। कांग्रेस सबैभन्दा बढी प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य र वडा सदस्यमा विजयी भएको छ । कांग्रेसबाट १३ हजार ७३७ जनप्रतिनिधि निर्वाचित भएका छन्। यस्तै नेकपा एमालेबाट ११ हजार ८७२, नेकपा माओवादी केन्द्रबाट पाँच हजार ४४ र अन्य दल तथा स्वतन्त्र गरी चार हजार ४८ जनप्रतिनिधि निर्वाचित भएको निर्वाचन आयोगले जनाएको छ । २०७४ मा तीन चरणमा सम्पन्न स्थानीय तह निर्वाचनमा कांग्रेसबाट ११ हजार ४५६, एमालेबाट १४ हजार १०० र माओवादी केन्द्रबाट पाँच हजार ४४० जनप्रतिनिधि निर्वाचित भएका थिए।

गत वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनमा कांग्रेसबाट १४० प्रमुख, ११० उपप्रमुख, १८८ अध्यक्ष, १९० उपाध्यक्ष, दुई हजार ६६१ वडाध्यक्ष, दुई हजार ६०० महिला सदस्य, दुई हजार ५४७ दलित महिला र वडा सदस्य पाँच हजार ३०१ निर्वाचित भएका छन् । एमालेबाट ८२ प्रमुख, ११३ उपप्रमुख, १२३ अध्यक्ष, १२६ उपाध्यक्ष, दुई हजार १२७ वडाध्यक्ष, दुई हजार ३४० महिला सदस्य, दुई हजार २८५ दलित महिला सदस्य र चार हजार ६७६ वडा सदस्य निर्वाचित भएका छन्।

कूल निर्वाचित जनप्रतिनिधिका आधारमा माओवादी केन्द्र तेस्रो स्थानमा छ। माओवादीबाट नगरप्रमुखमा २५, उपप्रमुखमा ३३, पालिका अध्यक्षमा ९६, उपाध्यक्षमा ९५, वडाध्यक्षमा एक हजार ५३, महिला सदस्यमा ९६३, दलित महिला सदस्य ९७३ र वडा सदस्यमा एक हजार ८०६ निर्वाचित भएका छन् । नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी (जसपा) नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र स्वतन्त्रबाट चार हजार ३४८ निर्वाचित भएको आयोगले जनाएको छ। *रासस*

## ३८५ स्वतन्त्र उम्मेदवार निर्वाचित

**काठमाडौं (प्रस)–** स्थानीय तहको निर्वाचनमा हालसम्म ३८५ जना स्वतन्त्र उम्मेदवार निर्वाचित भएका छन् । निर्वाचन आयोगका अनुसार स्थानीय तहको निर्वाचनमा स्वतन्त्र उम्मेदवारी दिएका २६६ पुरुष र ११९ महिला निर्वाचित भएका हुन् ।

स्वतन्त्र उम्मेदवारमध्ये नगरपालिका प्रमुखमा सात र गाउँपालिका अध्यक्षमा छ जना निर्वाचित भएका छन्। काठमाडौं महानगरपालिकासहित धरान उपमहानगरपालिका, धनगढी उपमहानगरपालिका र जनकपुर उपमहानगरको प्रमुख पदमा स्वतन्त्र उम्मेदवार निर्वाचित भएका छन्। काठमाडौं महानगरमा स्वतन्त्र उम्मेदवार बालेन्द्र शाहले ६१ हजार ७६७ मत प्राप्त गरी निर्वाचित भएका छन् । काठमाडौंमा पहिलोपटक स्वतन्त्र उम्मेदवार निर्वाचित भएका हुन् ।

जनकपुरमा स्वतन्त्र उम्मेदवार मनोजकुमार साह सुडी १३ हजार ४६५, धरान उपमहानगरमा हर्काएज राई २० हजार ८२१, धनगढी उपमहानगरमा गोपाल हमाल २६ हजार ८६५ मतसहित प्रमुखमा विजयी भएका छन् ।

स्वतन्त्र उम्मेदवार उपप्रमुख दुई र उपाध्यक्ष दुई निर्वाचित भएका छन् । स्वतन्त्र वडाध्यक्ष १३६ निर्वाचित भएका छन् । तीमध्ये १३३ पुरुष र तीन महिला छन् । महिला सदस्यमा ६०, दलित महिला सदस्य ५५, पुरुष सदस्य ११७ स्वतन्त्र निर्वाचित भएका छन् ।

# गणतन्त्र दिवसमा ८१८ कैदीलाई माफी मिनाहा

**काठमाडौं (प्रस)–** राष्ट्रपति विद्यादेवी भण्डारीले गणतन्त्र दिवस-२०७९ को अवसरमा ८१८ कैदीको बाँकी कैद सजाय माफी मिनाहा गरेकी छन्। राष्ट्रपति कार्यालयले गणतन्त्र दिवसको अवसरमा जारी गरेको प्रेस विज्ञप्तिमा खड्ग श्रेङ लिम्बूसमेतका २७१ र नरबहादुर साँवा समेतका ५४७ गरी कूल ८१८ कैदीको बाँकी कैद सजाय मिनाहा गरेको जानकारी दिइएको हो।

राष्ट्रपति भण्डारीले नेपालको संविधानको धारा २७६, फौजदारी कसूर (सजाय निर्धाएरण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७, फौजदारी कसूर (कैदकट्टा) नियमावली, २०७६ को नियम ३ तथा सर्वोच्च अदालतका आदेशसमेतका आधारमा तोकिएको कैद सजाय भुक्तान गरेका र असल चालचलन भएका व्यक्तिलाई माफी मिनाहा गरेको राष्ट्रपति कार्यालयका सहायक प्रवक्ता केशवप्रसाद घिमिरेले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

मन्त्रिपरिषद्को यही जेठ १० गते बसेको बैठकको सिफारिसमा जेठ १५ गतेदेखि लागू हुनेगरी माफी मिनाहा गरिएको हो । त्यस्तै राष्ट्रपति भण्डारीले गणतन्त्र दिवसकै अवसरमा मन्त्रिपरिषद्को यही जेठ १३ गतेको बैठकको सिफारिसमा उमाकान्त पराजुलीसमेतका १६ कैदीको विभिन्न अदालतबाट विभिन्न मितिमा भएका फैसलाबमोजिम कैद माफी गरेकी छन् ।

नेपालको संविधानको धारा २७६ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५९ बमोजिम गणतन्त्र दिवस-२०७९ का अवसरमा उनले उक्त माफी गरेकी हुन् ।

## जनमतको कदर...

पृष्ठ १ बाट जारी

सीमितताका बीच पनि निर्वाचन समग्रतामा शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न भएको छ । छिटपुट घटनालाई लिएर निर्वाचनको समग्र प्रक्रिया र परिणाममा संशय व्यक्त गर्नु उपयुक्त हुँदैन । सार्वभौम जनता नै यसको निर्णायक शक्ति भएकाले जनमतको कदर गर्नुको विकल्प छैन,' प्रधानमन्त्री देउवाले भने।

नीति तथा कार्यक्रमले हालसम्म प्राप्त उपलब्धिलाई संस्थागत गर्दै ऊर्जा, पर्यटन, यातायात, कृषि र सूचना प्रविधिलाई विकासको मुख्य संवाहक क्षेत्रका रूपमा अघि बढाएको उनले बताए । उत्पादन, उत्पादकत्व, रोजगारी र आय वृद्धि, पूर्वाधार निर्माण, मानवपुँजी निर्माण, आय असमानता र बहुआयामिक गरिबीको दरमा कमी, दिगो विकास र पर्यावरणीय सन्तुलन, संघीयताको सुदृढीकरण र सुशासनलाई प्राथमिकतामा राखेको उनले स्पष्ट पारे । यस नीतिमा वित्तीय एवं मौद्रिक नीतिबीच संयोजन कायम गरी अर्थतन्त्रलाई बाह्य जोखिमबाट मुक्त गर्न र तरलता व्यवस्थापन गर्न विशेष ध्यान दिइएको उनको भनाइ थियो।

नेपालले असंलग्न स्वतन्त्र परराष्ट्र नीति अवलम्बन गर्दै आएको उल्लेख गर्दै प्रधानमन्त्री देउवाले नेपाल सरकार राष्ट्रिय हितलाई सर्वोपरि राखी सार्वभौमिक समानता, पारस्परिक लाभ र सम्मानका आधारमा छिमेकीलगायत सबै मित्रराष्ट्रसँगको सम्बन्धलाई थप प्रगाढ बनाउन प्रतिबद्ध रहेको बताए।

यसैबीच सरकारको नीति तथा कार्यक्रम शनिबार प्रतिनिधिसभाबाट पारित भएको छ। शनिबारको बैठकमा सांसदहरूले उठाएको जिज्ञासाको प्रधानमन्त्रीले जवाफ दिएपछि प्रतिनिधिसभा बैठकमा उपस्थित सांसदहरूको बहुमतबाट नीति तथा कार्यक्रम पारित भएको हो। सरकारले आज आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दै छ।

# संविधान जारी भएपछि १६१ ऐन निर्माण

**काठमाडौं (प्रस)–** नेपालको संविधान जारी भएपछि १६१ ऐन, ४४ अध्यादेश, २६३ नियमावली र ६२ वटा गठन आदेश जारी भएका छन्। सरकारले शनिबार सार्वजनिक गरेको मन्त्रालयगत प्रगति विवरण-२०७९ मा सो विषय उल्लेख गरिएको छ।

नेपालको संविधान, संघीयताको मर्म र अदालतको आदेशबमोजिम नयाँ ऐन निर्माणका लागि १९४ विषयमा अवधारणापत्रमा सैद्धान्तिक सहमति प्रदान गरिएकोसमेत प्रगति विवरणमा उल्लेख छ । मौलिक हक कार्यान्वयनका लागि आवश्यक पर्ने २४ वटा ऐन जारी भएको र उक्त ऐनअन्तर्गतका नियमावलीहरू जारी भएको छ। मानवअधिकार पुरस्कार कोष सञ्चालन नियमावली, २०७५ जारी गरी यस आवदेखि पुरस्कार वितरणको सुरुआत गरिएको उल्लेख छ।

प्रगति विवरणमा एकीकृत कानुनी सहायता नीति, २०७६ जारी भएको र पाँचवटा विधेयकको अवधारणापत्रका सैद्धान्तिक सहमति तथा १० वटा विधेयकको मस्यौदामा तर्जुमा सहमति प्रदान गरिएको, नियमावली, गठन आदेश, निर्देशिका गरी ३९ वटा कानुन मस्यौदा तर्जुमा तथा सहमति प्रदान गरिएको उल्लेख छ।

## आजको राशिफल

आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

२०७९ जेठ १५ गते आइतबार (तिथिः चतुदर्शी, नक्षत्रः कृतिका, कृष्णपक्ष)

| | |
|---|---|
| मेष | खानपानमा सन्तुलन राख्न जरुरी छ। |
| वृष | यात्रा सफल हुनेछ। |
| मिथुन | अनावश्यक जिम्मेवारी नलिनुहोला। |
| कर्कट | सन्तुलित आहार लिनुपर्छ। |
| सिंह | खर्चमाथि विशेष नियन्त्रण राख्नुहोला। |
| कन्या | विरोधी सक्रिय रहन्छ तर असफल हुनेछ। |
| तुला | पारिवारिक कार्यमा सफलता मिल्नेछ। |
| वृश्चिक | भौतिक साधन उपलब्ध हुनेछ। |
| धनु | कृषिजन्य कार्यमा लाभ मिल्नेछ। |
| मकर | घरेलु कार्यमा अनावश्यक खर्च हुनेछ। |
| कुम्भ | धेरै लाभको अपेक्षा नगर्नुहोला। |
| मीन | नयाँ योजनाहरू तय हुने छन्। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आ'खा बैंक | ४४९३६८४ |
| नेपाल आ'खा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आ'खा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

जेठ १५ गते, २०७९, २९ मे २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



पाठ्यपुस्तक झार्दै | नयाँ शैक्षिक सत्रको लागि ताप्लेजुङको सदरमुकाम फुङ्लिङमा आइपुगेको पाठ्यपुस्तक शनिबार ट्रकबाट झार्दै कामदार ।

तस्बिरः रासस

# कारागारभित्रको आत्महत्या प्रकरणमा छानबिन समिति गठन

■ प्रभाव संवाददाता

**काठमाडौं–** गृह मन्त्रालयले यही जेठ ४ गते कारागार कार्यालय रोल्पाका बन्दी सुन्दर हरिजनको आत्महत्या घटनाको छानबिन गर्न समिति गठन गरेको छ । कारागार व्यवस्थापन विभागका निर्देशक झरेन्द्रप्रसाद चापागाईंको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरिएको गृह मन्त्रालयले एक सूचना जारी गरी जनाएको छ । समितिले काम सुरु गरिसकेको छ ।

मन्त्रालयले उक्त घटना कसरी घटेको हो र सो सम्बन्धमा के कसो भएको हो भनी स्थलगतरूपमा अध्ययन, अनुसन्धान र छानबिन गरी १० दिनभित्र प्रतिवेदन पेश गर्न समितिलाई निर्देश गरेको छ । समितिको प्रतिवेदन पश्चात घटनाको सत्यतथ्य उजागर हुने र भविष्यमा यस्ता घटना हुन नदिन सुधारका उपाय अवलम्बन गरिने मन्त्रालयले जनाएको छ ।

रोल्पा कारागारमा मृत भेटिएका नेपालगन्ज उपमहानगरपालिका-२ दैलेखी बंगलाका २० वर्षीय सुन्दर हरिजनको शव दस दिनदेखि नेपालगञ्जस्थित मेडिकल कलेजमा राखिएको छ ।

रोल्पा कारागारमा बन्दी जीवन बिताइरहेका उनको शव जेठ ४ गते बुलेकी पौने सात बजे कारागारको शौचालयमा झुन्डिएको अवस्थामा परेको थियो ।



तर कारागारको रेकर्डमा नेपालगञ्जका सुन्दर हरिजन सुर्खेत जिल्लाको बराहताल गाउँपालिका-१ का २७ वर्षीय विजयविक्रम शाहको नामबाट कैद भुक्तान गरिरहेको खुलेको थियो । जसले कारागार प्रशासन भित्रको लापरबाही देखिएको छ ।

मृतकका दाजु राजकुमारले विजयविक्रम शाह, बाँके र रोल्पा जिल्ला कारागारका तत्कालीन जेलरसहित अन्य केही शंका लागेका व्यक्ति तथा कर्मचारीविरूद्ध उजुरी दिएको बताए ।

'त्यो उजुरी दर्ता भएपछि मात्रै हामी भाइको शव बुझ्नेछौं,' उनले भने, 'हामीले दिएको उजुरी दर्ता नहुँदासम्म दोषीलाई कारबाही हुन्छ भन्ने आधार नै गुम्छ।'

पीडित पक्षले जिल्ला प्रहरी कार्यालय बाँकेमार्फत् जिल्ला प्रहरी कार्यालय रोल्पामा उजुरी पठाएको बाँकेका जिल्ला प्रहरी प्रवक्ता डिएसपी मुधुसुदन न्यौपानेले जानकारी दिए ।

प्रहरी कार्यालय बाँकेबाट इमेलमार्फत् पीडितको उजुरी पठाए पनि हुलाकमार्फत् पनि उजुरी पठाइएको छ । त्यसरी पठाएको उजुरी केही दिन भित्रै पुग्ने र दर्ताको लागि घर परिवारको कुनै सदस्य सनाखतका लागि रोल्पा जानुपर्ने छ । त्यसपछि मात्रै जाहेरी दर्ता हुने तथा शव बुझ्ने प्रक्रिया सुरू हुनेछ । दाजु राजकुमारले आफ्नो भाइ सुन्दरको हत्या भएको दाबी गर्दै आएका छन्।

सुन्दर हरिजनलाई चोरी मुद्दामा १६ वर्षकै उमेरमा कारावास सजायको फैसला गर्ने जिल्ला अदालत बाँकेका तत्कालीन न्यायाधीशले पनि कानुनको बर्खिलाप हुने गरी निर्णय गरेको भन्दै आलोचना हुन थालेको छ । अधिकारकर्मीहरूले उनीहरूमाथि पनि छानबिन हुनुपर्ने माग राखेका छन् । सुर्खेतका विजयविक्रम शाहलाई आपराधिक लाभ मुद्दामा जिल्ला अदालतले पाँच वर्ष कैद र ५० हजार जरिवाना तोकेको थियो ।

# नवनिर्वाचित जनप्रतिनिधिलाई शुभकामना

■ प्रभाव संवाददाता

**काठमाडौं–** स्थानीय काठमाडौं महानगरपालिका-७ का नवनिर्वाचित जनप्रतिनिधिलाई बधाई तथा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ । शनिबार गौरीघाटस्थित नेपाली कांग्रेस टोल कमिटिद्वारा आयोजित कार्यक्रमबीच वडा अध्यक्ष विमलकुमार होडा, सदस्य रूपा थापा क्षेत्री, उज्वल अर्याल, कल्पना सुन्दास र सुरेशी शाहीलाई आगामी कार्यकालको लागि शुभकामना दिइएको हो ।

नव निर्वाचित वडा अध्यक्ष विमलकुमार होडाले स्थानीयहरूको अपार माया र सद्भावकै कारण २५ वर्षपछि पुनः नेपाली कांग्रेसलाई सफलता दिलाउनु हुने टोलीबासीकै योगदानलाई स्मरण गर्दै स्थानीय समस्याहरूलाई प्राथमिकताका साथ समाधान गर्ने प्रण गरे । उनले वडाबाट सम्पादन गर्ने कार्यमा सहकार्य गर्न समेत टोलबासी सम्पूर्णलाई आग्रह गर्दै वडाबाट सम्पादन हुने कार्यमा चुस्तदुरुस्त कार्य गर्ने बचतबद्धता समेत व्यक्त गरे । नव निर्वाचति वडा सदस्य रूपा थापा क्षेत्रीले महिलामुखी वडा बनाउने कार्यमा आफू दत्तचित्त भई लाग्ने प्रण गरिन् भने सदस्य कल्पना सुन्दासले आफू शैक्षिक क्षेत्रमा क्रियाशील भएकाले गर्दा वडाको समग्र शैक्षिक विकासमा टेवा पुर्याउने बचनवद्धता व्यक्त गरिन् । त्यस्तै वडा सदस्य उज्ज्वल अर्यालले धर्म संस्कृतिको संरक्षण तथा दिगो विकास व्यवस्थापन कार्यमा आफूले वडावासीको सुझाव अनुरूप कार्य गर्ने प्रतिवद्धता जनाए । त्यस्तै, सदस्य सुरेश शाहीले स्थानीय विकास निर्माण कार्यमा टोलीबासीहरूको सुझाव सल्लाह बमोजिम आफू क्रियाशील हुने धारणा राखे ।

सो कार्यक्रममा कमिटिका अध्यक्ष शाम्वेसराज सत्याल, सचिव अनिता भण्डारीलगायत स्थानीय बासिन्दाहरूले बधाई तथा शुभकामना प्रदान गरेका थिए ।

## संक्षिप्त

### कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ

**काठमाडौं(प्रस)–** कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी काठमाडौं महानगरपालिका-३१ नयाँ बानेश्वर ठेगाना भएका ५५ वर्षीय रञ्जन प्रसाद कोइरालालाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ ।

कर्तव्य ज्यान मुद्दामा मुलुकी ऐन ज्यान सम्बन्धि महलको १३ (३) नम्बर बमोजिम सर्वोच्च अदालतको पूर्ण इजलासबाट २०७९ जेठ १२ गते २० वर्ष कैद सजाय ठहर हुने भन्ने फैसला भए पश्चात फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरीले काठमाडौं महानगरपालिका-३१ नयाँ बानेश्वरबाट पक्राउ गरेको हो ।

कोइरालालाई साविक मुलुकी ऐन अदालती बन्दोबस्ती १८८ नम्बर तथा हाल प्रचलित फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७ (क) बमोजिम आठ वर्ष छ महिना कैद सजाय हुने गरी राय दिएको हदसम्म प्रतिवादीले गरेको गम्भीर कसूरको प्रकृति र कसूर गर्दाको अवस्था समेतको आधार कारणबाट सो फैसला मिलेको नदेखिँदा केही उल्टि भई प्रतिवादीलाई उक्त सजाय ठहर भएको थियो ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

**ओखलढुङगा(प्रस)–** १४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा मोलुङ गाउँपालिका-५ बस्ने ४४ वर्षीय तारा नाथ पोखरेललाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ ।

पोखरेलले ती बालिकालाई आफ्नै घरको कोठामा बोलाई बिहीबार जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय बरुणेश्वरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

### लागूऔषधसहित पक्राउ

**बाँके(प्रस)–** नेपालगञ्ज उपमहानगरपालिका-१५ जमुनाहबाट करिब २ ग्राम ५ सय मिलिग्राम अवैध लागूऔषध खैरो हेरोईन जस्तो देखिने पदार्थ सहित कोहलपुर नगरपालिका-३ बस्ने २१ वर्षीय राजन शाहीलाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय जमुनाह र लागूऔषध नियन्त्रण व्यूरो नेपालगञ्जबाट संयुक्त रूपमा खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

मोरङ, विराटनगर महानगरपालिका-१६ दरैयाबाट नियन्त्रित लागूऔषध लुपिजेशिक १२ एम्पुल, एभिल १२ एम्पुल, डाईजेल्याब १२ एम्पुल, फेनारगन १२ एम्पुल र नाईट्रोसन २० ट्याब्लेट सहित सुन्दरहरैचा नगरपालिका-७ बस्ने २३ वर्षीय दिपक चौधरीलाई प्रहरीले पक्राउ गरेको छ । लागूऔषध नियन्त्रण व्यूरो विराटनगरबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

## महानगर फेर्ने...

पृष्ठ १ बाट जारी

म अन्यत्र समय दिने छैन। काठमाडौं महानगरपालिकालाई व्यवस्थित, स्वच्छ, देशकै उत्कृष्ट सहर बनाउन आफ्नो क्षमता, योग्यता र कुशलतालाई प्रयोग गर्नेछु,' साहले भने ।

काठमाडौंको उपप्रमुखमा भने नेकपा एमालेकी सुनिता डंगोल ६८ हजार ६१२ मतसहित विजयी भइन् । गठबन्धनका तर्फबाट नेकपा एकीकृत समाजवादीका उम्मेदवार रामेश्वर श्रेष्ठले २३ हजार ८०६ मत प्राप्त गरेर दोस्रो बने । सुनिताले प्राप्त गरेको मत अन्य महानगरका उम्मेदवारले प्राप्त गरेको भन्दा धेरै हो । उनले मतान्तर पनि सबैभन्दा बढी बनाएकी छन् । सुनिता र रामेश्वरबीचको मतान्तर ४४ हजार ८०६ रहेको छ । स्थानीय निर्वाचनमा दुई उम्मेदवारबीच भएको यो नै सर्वाधिक मतान्तर हो ।

काठमाडौं महानगरपालिकाका ३२ वडामा नेकपा माओवादी केन्द्रले कुनै वडामा जित हासिल गर्न सकेन । सबैभन्दा धेरै १९ वडामा नेपाली कांग्रेस, १२ वडामा एमाले र एक वडामा एकीकृत समाजवादीले जितेको छ ।

२०७४ सालको निर्वाचनमा एमालेले काठमाडौंको प्रमुखसहित बहुमत वडामा जित हात पारेको थियो । अघिल्लो निर्वाचनमा एमालेका विद्यासुन्दर शाक्य ६४ हजार ६१३ मतसहित निर्वाचित भएका थिए । उनका निकटतम् प्रतिस्पर्धी कांग्रेसका राजुराज जोशीले ४५ हजार २६९ मत पाएका थिए । उपप्रमुखमा कांग्रेसकी हरिप्रभा खड्गी निर्वाचित भएकी थिइन् । उनले ५८ हजार ९५२ मत पाउँदा राप्रपाका राजाराम श्रेष्ठले ३४ हजार ८५४ मत पाएका थिए । उक्त निर्वाचनमा एमाले र राप्रपाले तालमेल गरेका थिए ।

**ललितपुर र भरतपुरको प्रमुख दोहोरिए**

ललितपुरको ललितपर र चितवनको भरतपुर महानगरपालिकाका प्रमुख दोहोरिएका छन् । ललितपुर महानगरपालिकामा नेपाली कांग्रेसका चिरिबाबु महर्जन र भरतपुरमा माओवादी केन्द्रकी रेनु दाहाल दोहोरिए ।

ललितपुरको प्रमुखमा निर्वाचित महर्जनले ४२ हजार ७२२ मत पाउँदा उनका निकटतम् प्रतिद्वन्द्वी एमालेका हरिकृष्ण व्यञ्जनकारले २४ हजार ५६० मत पाए । महर्जन २०७४ को निर्वाचनमा पनि व्यञ्जनकारलाई पराजित गर्दै महानगरको प्रमुख बनेका थिए । त्यतिबेलाभन्दा यसपटक महर्जनले मतान्तर बढाए । अघिल्लो निर्वाचनमा महर्जनले २४ हजार ६४२ र व्यञ्जनकारले २४ हजार ३१६ मत पाएका थिए । उनीहरूबीच ३२६ मात्र मतान्तर थियो ।

ललितपुरको उपप्रमुखमा भने एमालेकी मञ्जली शाक्य बज्राचार्य निर्वाचित भइन् । उनले २५ हजार ८४ मत पाउँदा माओवादी केन्द्रका बाबुराज बज्राचार्यले १८ हजार ७५२ मत पाए ।

अघिल्लो निर्वाचनमा ललितपुरको उपप्रमुख पनि कांग्रेसले नै जितेको थियो । कांग्रेसकी गीता सत्याल १९ हजार ८१९ मतसहित निर्वाचित भएकी थिइन् । उनलाई पछ्याएकी स्वतन्त्र उम्मेदवार शोभा शाक्यले १४ हजार २४० मत पाएकी थिइन् ।

भरतपुरमा दोहोरिएकी दाहालले एमालेका उम्मेदवार विजय सुवेदीलाई १२ हजारभन्दा बढी मतान्तरले हराइन् । दाहालले ५२ हजार ३० मत ल्याउँदा उनका निकटतम् प्रतिस्पर्धी सुवेदीले ३९ हजार ५८१ मत ल्याए । दाहाल र सुवेदीबीचको मतान्तर १२ हजार ४४९ छ । प्रमुख पदका स्वतन्त्र उम्मेदवार जगन्नाथ पौडेलले १४ हजार ७२८ मत पाए । अघिल्लो निर्वाचनमा पनि दाहालले एमालेका उम्मेदवार देवी ज्ञवालीलाई पराजित गरेकी थिइन् । त्यतिबेला दाहालले ४३ हजार १२७ मत पाएकी थिइन् भने ज्ञवालीले ४२ हजार ९२४ मत ल्याएका थिए ।

भरतपुरको उमपेयरमा नेपाली कांग्रेसका चित्रसेन अधिकारी विजयी भए । अधिकारीले ५२ हजार ८०३ मत ल्याउँदा उनका निकटतम् प्रतिस्पर्धी राप्रपाकी हिमला गुरूङले ३० हजार ६१२ मत ल्याइन् । भरतपुरमा सत्तारूढ गठबन्धनले चुनावी तालमेल गरेको थियो । एमालेले राप्रपासँग तालमेल गरेको थियो ।

अघिल्लो निर्वाचनमा पनि चितवनमा कांग्रेस र माओवादीबीच चुनावी तालमेल थियो । उक्त निर्वाचनमा उपप्रमुखमा कांग्रेसकी पार्वती साह निर्वाचित भएकी थिइन् । उनले ४७ हजार १९७ मत ल्याएकी थिइन् भने एमालेकी दिव्य शर्माले ३९ हजार ५२५ मत ल्याएर दोस्रो भएकी थिइन् ।

भरतपुरको प्रमुखमा दोहोरिएकी दाहालले अबको कार्यकालमा महानगरपालिकामा बेरोजगारी अन्त्य गर्ने घोषणा गरेकी छन् । दाहालले अबको पाँच वर्ष आफ्ना लागि अन्तिम कार्यकाल भएकोले शिक्षा, स्वास्थ्य र पूर्वाधारको क्षेत्रमा जोड दिने बताइन् । उनले बेरोजगारी अन्त्यका लागि रोजगार बैंक स्थापना गर्ने, उद्योग ग्राम स्थापना गर्ने, उद्यमशिलताको विकास गर्ने, ढल व्यवस्थापनका लागि गुरुयोजना तयार गरेर काम गर्ने र नारायणी नदीको पुल पुनर्निर्माणलाई अघि बढाउने बताइन् ।

भरतपुर महानगरपालिकालाई देशकै हेर्न र गर्व गर्नलायक नमूना स्मार्ट सिटीको संकल्प पूरा गर्ने, गौरवका आयोजनाहरू जस्तैः सिटी हल, प्रशासनिक भवन, पाँच अर्ब रूपैयाँ बराबरको नारायणी तटबन्ध, अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला, महानगरीय चक्रपथको योजनालाई सम्पन्न गर्ने विषय पहिलो प्राथमिकतामा राख्ने प्रमुख दाहाल बताउँछिन् ।

**पोखरामा गुम्यो एमालेको विरासत**

कास्कीको पोखरा महानगरपालिकामा नेकपा एकीकृत समाजवादीले एमालेको विरासत खोसेको छ । यसपटकको स्थानीय निर्वाचनमा एकीकृत समाजवादीका धनराज आचार्य पोखराको प्रमुख निर्वाचित भए । आचार्यले ५८ हजार ८९३ मतसहित विजय हासिल गरे । उनका निकटतम् प्रतिस्पर्धी एमालेका कृष्णबहादुर थापाले ५२ हजार ८४८ मत पाए । गण्डकी प्रदेशसभा सदस्यबाट राजीनामा दिएर थापा पोखराको प्रमुख लड्न पुगेका थिए । तर, उनले आफ्नै पार्टीबाट फुटेर बनेको एकीकृत समाजवादीका आचार्यसँग हार व्यहोर्नुपर्‍यो ।

उपप्रमुखमा भने एमालेकी मञ्जुदेवी गुरुङ निर्वाचित भएकी छन् । उनी दोस्रो कार्यकालका लागि निर्वाचित भएकी हुन् । उनले ६० हजार ५४६ मत पाइन् । उनका निकटतम् प्रतिस्पर्धी नेपाली कांग्रेसकी कोपिला रानाभाटले ५६ हजार ६६३ मत पाइन् । अघिल्लो निर्वाचनमा पोखरा महानगरपालिकाको प्रमुखमा एमालेका मानबहादुर जिसी र उपप्रमुखमा गुरुङ निर्वाचित भएका थिए । उक्त निर्वाचनमा जिसीले ६० हजार ११८ र उनका प्रतिस्पर्धी कांग्रेसका रामजी कुँवरले ४६ हजार ४१६ मत पाएका थिए । उपप्रमुखमा गुरुङले ५६ हजार ४४८ र नेपाली कांग्रेसकी सरस्वती गुरुङले ४४ हजार ३३८ मत पाएकी थिइन् ।

क्षेत्रफलका हिसाबले देशकै ठूलो पोखरा महानगर एमालेको गढ मानिन्छ । उक्त क्षेत्रमा हरेक निर्वाचनमा एमालेका उम्मेदवार विजयी हुने गरेका थिए । अहिले प्रमुख भएका एमालेका कृष्ण थापा पनि २०५४ मै पोखराको प्रमुख निर्वाचित भएका थिए ।

यो निर्वाचनमा पोखरामा सत्तागठबन्धनले चुनावी तालमेल गरेको थियो भने एमाले एक्लै प्रतिस्पर्धामा थियो । जसका कारण एमालेले आफ्नै पार्टीबाट फुटेर बनेको एकीकृत समाजवादीलाई आफ्नो विरासत सुम्पन पुग्यो ।

**सरावगीको दौडमा राजेशमानको "ब्रेक"**

पर्साको वीरगञ्ज महानगरपालिकाको प्रमुखमा जनता समाजवादी पार्टी (जसपा)का राजेशमान सिंहले एमालेका विजयकुमार सरावगीको यात्रामा 'ब्रेक' लगाए । यसपटक प्रमुखमा दोहोरिने चाहनासहित एमाले प्रवेश गरेका सरावगी पराजित बन्न पुगे । प्रमुखमा निर्वाचित जसपामा राजेशमानले ४६ हजार २१५ मत प्राप्त गरे । उनका निकटतम् प्रतिस्पर्धी सरावगीले २३ हजार ६७१ मत प्राप्त परे । सरावगी महानगरका निवर्तमान प्रमुख हुन् । विजय र राजेशमानबीच २२ हजार ५४४ मतान्तर रह्यो ।

अघिल्लो निर्वाचनमा सरावगीले १९ हजार ३९३ मत ल्याएका थिए । उनी संघीय समाजवादी फोरम नेपालको तर्फबाट निर्वाचित भएका थिए । त्यतिबेला उनका निकटतम् प्रतिस्पर्धी नेपाली कांग्रेसका अजय द्विवेदीले १९ हजार ९७ मत ल्याएका थिए ।

अघिल्लोपटक वीरगञ्जमा उपप्रमुख जितेको कांग्रेसले यसपटक पनि उपप्रमुख जितेको छ । उपप्रमुखमा कांग्रेसका इम्तियाज आलम निर्वाचित भए । उनले २५ हजार १५८ मत ल्याए । उनका निकटतम् प्रतिस्पर्धी लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का पुरुषोत्तमलाल झाले छ हजार ७१९ मत प्राप्त गरे । अघिल्लो निर्वाचनमा कांग्रेसकी शान्ति कार्की १९ हजार ६०७ मतसहित निर्वाचित भएकी थिइन् । उनका प्रतिस्पर्धी फोरम नेपालकी पिंकी यादवले १८ हजार ५३० मत पाएकी थिइन् । वीरगञ्जमा यसपटक एमाले र लोसपाले चुनावी तालमेल गरेका थिए भने सत्ता गठबन्धनको चुनावी तालमेल थियो ।

**विराटनगरमा दोहोरियो कांग्रेस**

मोरङको विराटनगर महानगरपालिकाको प्रमुखमा नेपाली कांग्रेस दोहोरिएको छ । यद्यपि, अघिल्लोपटक प्रमुख र उपप्रमुख दुवै जितेको कांग्रेस यसपटक भने प्रमुखमा खुम्चिएको छ । सत्ता गठबन्धनमा भएको सहमतिअनुसार विराटनगरमा कांग्रेसले प्रमुख र जसपाले उपप्रमुख पाएका थिए । तर, उपप्रमुखमा गबठन्धन पराजित बन्न पुग्यो । एमालेले उपप्रमुखसहित धेरै वडामा विजय हासिल गर्‍यो ।

प्रमुखमा नेपाली कांग्रेसका नागेश कोइरालाले ३० हजार १७० मत पाए । उनका निकटतम् प्रतिस्पर्धी एमालेका सागरकुमार थापाले २१ हजार ४५५ मत पाए । जसपा छाडेर प्रमुखमा स्वतन्त्र उम्मेदवारी दिएका उमेश यादवले आठ हजार ७९५ मत पाए ।

२०७४ को स्थानीय निर्वाचनमा कांग्रेसका भीम पराजुली प्रमुखमा विजयी भएका थिए । उनले २३ हजार ३१ मत ल्याउँदा एमालेका विनोद ढकालले १७ हजार ३२४ मत पाएका थिए । उपप्रमुखमा कांग्रेसकी इन्दिरा कार्की २० हजार १४६ मतसहित निर्वाचित भएकी थिइन् । उनका निकटतम् प्रतिस्पर्धी माओवादी केन्द्रकी नमिता न्यौपानेले ११ हजार ५२४ मत पाएकी थिइन् ।

यसपटक उपप्रमुख भने एमालेले कब्जा गरेको छ । सत्ता गठबन्धनका उम्मेदवार जसपाका अमरेन्द्र यादवलाई पराजित गर्दै एमालेकी शिल्पा निराला कार्की उपप्रमुख निर्वाचित भइन् । उनले २५ हजार ६८० मत पाउँदा यादवले १४ हजार २१९ मत पाए । १९ वडा भएको विराटनगरमा सबैभन्दा धेरै नौ वटामा एमाले विजयी भएको छ । कांग्रेसले छ वटा वडा जित्दा जसपाले दुई र राप्रपाले एक वडामा जित हासिल गरेका छन् । एउटा वडा स्वतन्त्र उम्मेदवारले जितेको छ । अघिल्लो निर्वाचनमा कांग्रेसले प्रमुख र उपप्रमुखसहित आठ वडा जितेको थियो ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# समृद्धिको संकल्प पूरा होस्

वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचन अन्तर्गत ७५२ स्थानीय तहको अन्तिम नजिता आइसकेको छ। बाजुराको बूढीगंगामा भने विवाद भएपछि निर्वाचन आयोगले फेरि मतदान गर्न भनेको छ। आयोगले बाजुराका सिडिओ, डिएसपी र सशस्त्रका डिएसपीलाई जिम्मेवारीबाट हटाएर नयाँ कर्मचारी पठाउन पनि गृह मन्त्रालयलाई निर्देशन दिएको छ। बूढीगंगामा मतदान भएर अन्तिम नजिता आएपछि यसपटकको स्थानीय निर्वाचन मैझारो हुने छ। यसपटकको निर्वाचनमा नेपाली कांग्रेस सबैभन्दा ठूलो दल बन्न पुगेको छ भने महानगरतर्फ एमाले शून्य भएको छ।

२०७२ सालमा नयाँ संविधान जारी भएपछि दोस्रोपटक स्थानीय तहको निर्वाचन भएको हो। मुलुक संघीय संरचनामा गएपछि बनेको स्थानीय तहको संरचनामा पहिलो पाँच वर्षको कार्यकाल अभ्यास भइसकेको छ। नयाँ संरचना र नयाँ अभ्यास भएको कारण पहिलो कार्यकालको सुरुआती वर्षहरू केही अलमलमा बिते। कानुन, कर्मचारी तथा भौतिक पूर्वाधारको अभाव, संघबाट हुनुपर्ने अधिकार प्रत्यायोजनमा भएका अलमल तथा कानुनी अस्पष्टतालगायत कारणले स्थानीय तहको कामले गति लिन केही वर्ष लाग्यो। तर, विस्तारै कानुन बनाउँदै, कर्मचारी समायोजन, भौतिक पूर्वाधार व्यवस्थापन तथा अष्पस्ट कानुनहरू सुधार गर्दै स्थानीय तहलाई स्थापित गर्ने काम पाँच वर्षको अवधिमा भएका छन्। अब निर्वाचित भएर आएका जनप्रतिनिधिले त्यस्तो अलमलमा समय बिताउनुपर्ने छैन।

नेपालको संविधान २०७२ ले तीन तहको सरकार परिकल्पना गरेअनुसार स्थानीय तह आफैंमा स्वायत्त सरकार हो। त्यसैले स्थानीय तह विगतमा जस्तो संघ वा प्रदेशको एकाइ होइन। अहिलेको स्थानीय तहले आफैं नीति तथा कार्यक्रम र बजेट निर्माण गर्ने, कानुन निर्माण गरी स्थानीय सत्ता सञ्चालन गर्ने अधिकार पाएको छ। यद्यपि, संघ र प्रदेशसँगको समन्वयमा गर्नुपर्ने कामहरू संविधान र स्थानीय सरकार सञ्चालन ऐन–२०७४ मा उल्लेख गरिएको छ, त्यसलाई पालना गर्नुपर्छ।

विगतमा केन्द्रिकृत शासन प्रणालीका कारण विकासमा भएका असमानता, सबै जनताले राज्यको सेवा सुविधा पाउन नसक्ने विभेद्को अवस्थालगायतलाई चिर्दै राज्यशक्ति र स्रोतको विकेन्द्रिकरण गर्न मुलुकलाई संघीय संरचनामा लगिएको हो। यो परिवर्तनका लागि जनताले ठूलो बलिदान गरे। हजारौंले ज्यान गुमाए। हजारौं घाइते, अपांग भए। यी कुरालाई बिर्सनु हुँदैन।

संघीय संरचनामा स्थानीय तह आफैंमा महत्त्वपूर्ण छ। जनताको नजिकको सरकार भनेकै स्थानीय सरकार हो। विगतमा स्थानीय निकाय हुँदा त्यहाँबाट जनताले सीमित सेवाहरू मात्र पाउँथे। अहिले अधिकांश सेवाहरू स्थानीय तहबाटै जनताले पाएका छन्। पाँच वर्षको अवधिमा स्थानीय तहको सुशासन, विकास र जनतालाई प्रदान गर्ने सेवामा ठूलो परिवर्तन आएको छ। जनताबाट चुनिएका जनप्रतिनिधिहरूले उदाहरणीय काम पनि गरेका छन्। जसले संघीयताको जग स्थापित गर्ने आधार खडा गरेको छ।

केही स्थानीय तहमा भएका गलत अभ्यासहरूले प्रश्न पनि उठाएको छ। भ्रष्टाचार, बेरुजुलगायत बढ्नु, जनप्रतिनिधिहरू काममा भन्दा विवादमा अल्झिनु आदि कारण समग्र स्थानीय तहको छविमा नै दाग लगाउने काम भएका छन्। यसबाट पाठ सिकेर मतदाताले नयाँ प्रतिनिधि चुनेका छन्। र, चुनिएका जनप्रतिनिधिले पनि अब समृद्धिको संकल्पलाई पूरा गर्नुपर्छ।

ठूला–ठूला महत्त्वकांक्षी योजना र सपनाभन्दा नागरिकको दैनिकीसँग जोडिएका विषयलाई पहिलो प्राथमिकता दिनुपर्छ। जनतालाई स्थानीय सरकार भनेको हाम्रो सरकार हो भन्ने प्रत्याभूति दिलाउनुपर्छ। चुनावअघि गरिएका वाचाहरूलाई पूरा गर्ने समय आएको छ। जसरी वाचा गर्न सहज थियो, त्यसलाई कार्यान्वयन गर्न उत्तिकै चुनौतीपूर्ण छ। यी तमाम चुनौतीलाई पार गर्दै निर्वाचित जनप्रतिनिधिले आफ्नो पाँच वर्षे कार्यकालाई अब्बल र उदाहरणीय बनाउन सकुन्, समृद्धिको संकल्प पूरा गर्न सकुन् हार्दिक शुभकामना !

## मनन्योग्य

### विदुर नीति

धैर्य, शान्ति, इन्द्रिय नियन्त्रण, शुद्ध व्यवहार, दया, कोमल वा नरम बोली र मित्रद्रोह नगर्नु यी सातवटा यस्ता गुण हुन् जसले मानिसको समुन्नति र प्रगति गराउँछ।

जुन राजा वा मानिसले आफूमा आश्रित रहेका व्यक्तिहरू (भाइ, छोराहरू) लाई भाग-वण्डा, बाँडफाँड नगरेर सारा सम्पत्ति आफैले मात्र हडप्दछ। त्यस किसिमको दुष्ट स्वभाव भएको कृतघ्न एवम् निर्लज्ज राजा या मानिसलाई जनता एवम हितैषी साथीभाइहरूले साथ दिन छाड्दछन्।

जसरी सर्प पसेको घरको मानिसले रातमा निश्चित (मस्त) सँग सुत्न सक्तैन। त्यसैगरी यदि मानिस आफैं दोषी छ भने उसको अवगुणहरू बिलकुलै नभएका आफ्ना अन्तरङ्ग मित्रहरूलाई पनि चिदाउँछ (नाखुश पार्छ) त्यसैपछि उसले रातमा पनि सुखको निद्रा पाउँदैन।

जुन मानिसलाई दोषरोपण गर्दा उनीहरू रिसाए भने आफ्नो जीवनवृत्तिमा असर पार्न जान्छ त्यस्ता मानिसलाई सदैव देवतालाई जस्तै गरेर खुसी राख्नुपर्दछ।

जसले धन सम्पत्तिजस्ता कुरालाई स्त्री, बौलाहा, सामाजिक रूपले बहिष्कृत (पतित) अनि दुष्ट मानिसहरूको जिम्मामा सुम्पने गर्छ। यस्ता व्यक्तिहरूमा यी कुराहरू उपलब्ध हुनेवाला पनि छन् भने यसरी हुने सम्पत्तिको प्राप्तिलाई सन्देहात्मक रूपले हेर्ने गर्नुपर्दछ।

जुन देशको शासन स्त्री, जुवाडे, बालक आदिको हातमा छ त्यस देशमा जनताको अवस्था ढुंगो वा पत्थरले बनेको डुंगामा चढेर गहिरो समुद्रको यात्रा गर्ने यात्रीहरूसरह हुन्छ, जो सधैं विपत्तिरूपी समुद्रमा डुब्दछन्।

जो मानिस जे जत्ति काम गर्न आवश्यक छ त्यती मात्र काम गर्न संग्लन रहन्छ र धेरैमा हात हाल्ने, त्यस्तो मान्छेलाई म पण्डित हो भन्ने ठान्दछु। किनकि धेरै ठाउँमा हात हाल्नु भनेको संघर्षको कारण हुन जान्छ।

क्रमशः

# 'शिक्षा र स्वास्थ्य मेरो पहिलो प्राथमिकता हो'

*मुलुकको राजधानीसमेत रहेको काठमाडौं महानगरपालिकामा स्वतन्त्र उम्मेदवार बालेन (बालेन्द्र) शाह ६१ हजार ७६७ मतसहित प्रमुखमा निर्वाचित भएका छन्। उनले सत्तारुढ गठबन्धनका तर्फबाट नेपाली कांग्रेसका उम्मेदवार सिर्जना सिंह र नेकपा एमालेका उम्मेदवार केशव स्थापितलाई पराजित गरे। 'र्‍यापर'को पहिचान बनाएका प्रमुख शाहले ह्वाइट हाउस इन्स्टिच्युड अफ टेक्नोलोजीबाट सिभिल इञ्जिनियरिङमा स्नातक र भारतको कर्नाटक विश्वेश्वरैया राष्ट्रिय प्रौद्योगिक संस्थानबाट स्ट्रक्चरल इञ्जिनियरिङमा स्नातकोत्तर गरेका छन्।*

*संविधानले स्थानीय तहलाई सरकारका रूपमा परिभाषित गरेको छ। माध्यामिक शिक्षा, आधारभूत स्वास्थ्य, खानेपानी, भाषा, संस्कृतिको संरक्षण र विकासलगायत अधिकार स्थानीय तहका क्षेत्राधिकारभित्र पर्दछन्। जनप्रतिनिधिमा इच्छाशक्ति भएमा छोटो समयमै स्थानीय तहले ठूलो फड्को मार्न सक्छन् भन्ने उदाहरण प्रशस्तै छन्। प्रमुखमा निर्वाचित ३२ वर्षीय शाहसँग काठमाडौं महानगरको समग्र विकासका बारेमा राससका अशोक घिमिरे र शर्मिला पाठकले गरेको कुराकानी:*



बालेन्द्र शाह, प्रमुख, काठमाडौं महानगरपालिका

**काठमाडौंको प्रमुखका रूपमा निर्वाचित हुनुभयो, तपाईंका योजना र प्राथमिकता के-के हुन् ?**

शिक्षा र स्वास्थ्य मेरो पहिलो प्राथमिकता हो। महानगर क्षेत्रमा रहेका ९२ सामुदायिक विद्यालयलाई स्तरोन्नति गरी गुणस्तरीय शिक्षा प्रदान गरिनेछ। विद्यालयको स्तरोन्नति स-साना कुराबाट हामी सुरु गर्नेछौं। विद्यालयमा पूर्वाधारको विकास गरिनेछ। विद्यार्थीलाई भर्ना गर्नुअगावै अभिभावकले अनुभूति गर्नेगरी विद्यालयको स्तरोन्नति गर्नेछौं। पूर्वाधार, सरसफाइ तथा स्वच्छ वातावरणको तय गरिनेछ। विद्यार्थीका लागि आवश्यक खेल मैदानको व्यवस्था गरिनेछ।

प्रभावकारी शिक्षण सिकाइका लागि प्रविधिको प्रयोग र बालबालिकासँग गरिने अन्तरक्रियाबारेमा विदेशबाट विशेषज्ञ झिकाएर शिक्षकका लागि आवश्यक तालिमको व्यवस्था गर्नेछौं। यसले गुरु र शिष्यबीचको सम्बन्धलाई गाढा बनाउनेछ। बालबालिकालाई घरदेखि विद्यालय जाउँजाउँ लाग्ने वातावरणको निर्माण गर्नेछौं। कक्षा १ देखि ८ सम्मको पाठ्यक्रम परिमार्जन गर्छौं। काठमाडौं उपत्यकाको इतिहास, संस्कृति, सम्पदा, आयुर्वेद, योगध्यानका बारेमा बालबालिकाले सजिलो तरिकाले बुझ्ने गरी पाठ्यक्रम बनाउँछौं। यसले गर्दा भोलिका दिनमा देश तथा विदेशबाट आएका पर्यटकसँग भेट हुँदा बालबालिकाले कला, संस्कृति, इतिहासका बारेमा सम्पूर्ण जानकारी दिन सकून्। उदाहरण भक्तपुरलाई लिन सकिन्छ। भक्तपुर नगरपालिकाका बालबालिकालाई त्यहाँको इतिहास, कला, संस्कृति, बाजागाजा, खानपिनका बारेमा जानकारी छ। प्रत्येक व्यक्ति यहाँको कला, संस्कृति र इतिहासका बारेमा जानकार हुनुपर्छ।

**महानगरले यसअघि बनाएको पाठ्यक्रमले यी विषय समेट्न सकेनन् भन्ने हो ?**

यसअघिका पाठ्यक्रमले धेरै कुरा समेट्न सकेको छैन। लिखितरूपमा भए पनि त्यसलाई व्यवहारमा व्याख्या गर्नसक्ने जनशक्ति उत्पादन गर्नुपर्छ। यहाँको कला संस्कृति, सांस्कृतिक वैभवका बारेमा बुझ्न धेरै पुस्तक छन्। तर त्यो विषयलाई व्याख्या गर्नसक्ने जनशक्ति छैनन्। प्राविधिकरूपमा पनि शिक्षाको गुणस्तर बढाउने योजना अगाडि सारेका छौं। मोबाइलमा 'भिडियो च्याट' गरेर मात्र अनलाइन कक्षा हुँदैन, यसले शैक्षिक स्तर बढाउँदैन। प्रविधि तीव्ररूपमा परिवर्तन भइरहेको छ। 'थ्रिडी भिजुअलाइज'मार्फत उदाहरण देखाउँदै पढाउन थालियो भने विद्यार्थीले सजिलै बुझ्न सक्छन्। अहिले शिक्षा भार जस्तो भएको छ। विद्यालय जान गाह्रो मान्ने अवस्थाको अन्त्य गरी रमाइलो तरिकाले हाँस्दै खेल्दै सिक्ने वातावरण बनाउने हो। साताको एक दिन पाठ्यक्रमभन्दा बाहिर विद्यार्थीलाई रुचि लागेका विषयका बारेमा अन्तरक्रिया गराइनेछ। कसैलाई रोबर्ट बनाउन, कसैलाई गीत गाउन, नाच्न, कसैलाई नाटक खेल्न मन पर्ला। साताको एक दिन त्यो अतिरिक्त क्रियाकलाप गरियो भने यसले विद्यार्थीको सम्भावना प्रस्फुटित हुन्छ। शिक्षाको डिग्रीबाहेक अन्य सीप भयो भने आयआर्जनमा पनि सहयोग पुग्न सक्छ। विद्यार्थीलाई आफैं सक्षम बनाउने हाम्रो उद्देश्य हो।

**आगामी पाँच वर्षसम्म तपाईंले महानगरको नेतृत्व गर्दा यहाँको शिक्षाको स्तर कस्तो हुन्छ ?**

पहिलो कुरा आममानिसको मनोविज्ञान शैक्षिक पूर्वाधार नै पहिलो सर्त हो भन्नेछ। अभिभावकका तर्फबाट विद्यालयमा लिफ्ट छ कि छैन भन्ने हेर्ने हुन्छ। तर लिफ्टले पढाइलाई कुनै सहयोग गर्दैन। त्यो कुरालाई विस्तारै परिवर्तन गर्दै लैजान्छौं।

- महानगर क्षेत्रमा रहेका ९२ सामुदायिक विद्यालयलाई स्तरोन्नति गरी गुणस्तरीय शिक्षा प्रदान गरिनेछ।
- विद्यार्थीलाई भर्ना गर्नुअगावै अभिभावकले अनुभूति गर्नेगरी विद्यालयको स्तरोन्नति गर्नेछौं।
- महानगरका ३२ वटा वडामा वडा क्लिनिकको व्यवस्था गर्छौं।
- ठाउँठाउँमा इन्सिनरेटर राखेर फोहोरको मात्रालाई एक प्रतिशतमा झार्न सकिन्छ।
- सरकारी कार्यालयले चर्चेको केही जग्गा लिएर महानगरको लगानीमा सार्वजनिक शौचालय बनाउँछौं।
- कला, संस्कृति, सम्पदा र सभ्यतालाई जीवन्त राखिनेछ।

विद्यालयको शौचालय, बगैंचामा निकै सुधार गर्न सक्छौं। कक्षाकोठा र शौचालय अपांगतामैत्री बनाउन सकिन्छ। छात्राका लागि आवश्यक सेनेटरी प्याडलगायतको व्यवस्था गर्न सकिन्छ। आन्तरिक सजावट तथा व्यवहारको दृष्टिकोणबाट कक्षाकोठामा प्रवेश गर्नेबित्तिकै बसौंबसौं, पढौंपढौं लाग्ने बनाउन सकिन्छ। विद्यालयमा सकारात्मक वातावरण बनाउन आवश्यक बजेट छुटचाउछौं र प्रभावकारी अनुगमन पनि गर्छौं।

**स्वास्थ्य सेवालाई कसरी व्यवस्थित बनाउनुहुन्छ ?**

महानगरका ३२ वटा वडामा वडा क्लिनिकको व्यवस्था गर्छौं। वडा क्लिनिकमा चिकित्सक, नर्स र प्रयोगशाला राख्छौं। वडा क्लिनिकमा मुटु, मिर्गौला तथा कलेजो एवं रगत, रक्तचाप, मधुमेहको सामान्य परीक्षण गर्न सक्ने पूर्वाधार निर्माण गर्छौं। कम्तीमा छ महिनामा एकपटक निःशुल्क परीक्षण गर्ने व्यवस्था मिलाउछौं। यसले ठूलो रोग लाग्नभन्दा अगाडि नै थाहा पाउन सकिन्छ। यस्तै पाठेघर र स्तनको क्यान्सरको 'स्क्रिनिङ' गराउने योजना छ। क्यान्सरको स्क्रिनिङ र प्रयोगशाला ३२ वटै वडामा राख्न सक्यौं भने ठूलो रोग लागेर अस्पताल धाउनुपर्ने र धेरै खर्च व्यहोर्नुपर्ने अवस्थाको अन्त्य हुन सक्छ।

**महानगरमा रहेको खानेपानीको समस्यालाई कसरी व्यवस्थापन गर्नुहुन्छ ?**

अहिले भइरहेको 'बोरिङ'बाट नै खानेपानी उपलब्ध गराउने हो। बोरिङको 'लेभल' हामीले बढाउन आकासेपानीको प्रयोग गरी भूमिगत जल सतहलाई 'रिचार्ज' गर्नुपर्छ। घरका छतमा परेको पानी पाँच फिट गहिरो खाडल खनेर ग्राभेल राखेर जमिनमुनि पठाउने हो। एउटा घरको आकासेपानी जमिनमुनि पठाउँदा १० वटा घरलाई खानेपानी पुग्छ। यसले बोरिङ गरेको छ उसले अनिवार्य 'रिभर्स बोरिङ' गर्नुपर्छ। सरकारी कार्यालयमा रिभर्स बोरिङ गराइयो भने आसपासका क्षेत्रमा बोरिङको लेभल बढ्छ। खाली रहेका स्थान, सरकारी कार्यालयका परिसरमा ससाना पोखरी खनेर आकासेपानी जम्मा गर्न सकिन्छ। आकासेपानी पोखरीमा जम्मा गरेर उपत्यकाका नदी नालामा आउने बाढी पनि रोक्न सकिन्छ। यसबाट भूमिगत जल सतह माथि आउँछ। बोरिङ र इनारको सतह बढ्छ, यसले खानेपानीको समस्या केही हदसम्म कम हुन्छ।

ढुंगेधाराको संरक्षण गरी विगतमाझैं नियमित पानी आउने बनाउन सकिन्छ। धेरै ढुंगेधारामा पुनः मूल फुटाउने योजनामा छौं। वडा नं १७ मा मात्रै १७ भन्दा बढी ढुंगेधारा छन्। ती ढुंगेधाराको मूलमा पोखरी खनेर ढुंगेधारामा पानी निकाल्न सकिन्छ। ढुंगेधाराबाट चांकीमा जम्मा गरेर वितरण गर्न सकिन्छ।

**उपत्यकाको फोहोर व्यवस्थापन ठूलो चुनौतीका रूपमा रहँदै आएको छ। यसको दीर्घकालीन समाधान कसरी निकाल्नुहुन्छ ?**

अहिले नुवाकोटको सिसडोलमा 'डम्पिङसाइट' छ। 'इन्सिनरेटर सेल' राखेर बञ्चरेडाँडामा बनाइएको नयाँ डम्पिङसाइट अझै पूर्णरूपमा सञ्चालनमा आएको छैन। त्यसको अनुगमन महानगर र भौतिक पूर्वाधार मन्त्रालयबाट पनि भएन। त्यसलाई जतिसक्दो चाँडो निर्माण सम्पन्न गर्छौं। ठाउँठाउँमा इन्सिनरेटर (फोहोर जलाउने मेसिन) राखेर फोहोरको मात्रालाई एक प्रतिशतमा झार्न सकिन्छ। स्रोतमा नै कुहिने र नकुहिने गरी फोहोरलाई छुटचाउन सकिन्छ। कुहिने र नकुहिने फोहोर एउटै गाडीमा हालेर लैजाने भए नागरिकले किन फोहोर छुटचाएर राख्छन् र ? फोहोर लिनका लागि हामी दुई प्रकारका गाडीको व्यवस्था गर्छौं। सातामा दुई दिन फोहोर लिन आउँदा फरक-फरक दिन कुहिने र नकुहिने गाडी पठाउँछौं। टोलटोलमा कन्टेनर राखिएको अवस्थामा पनि दुई/दुई वटा कन्टेनर राख्छौं। स्रोतमा नै फोहोरलाई छुटचाउन सकियो भने कुहिनेलाई जैविक मलका रूपमा प्रयोग गर्न सक्छौं। नकुहिने फोहोरको त्यहीअनुसार व्यवस्थापन गर्न सकिन्छ। जैविक मललाई राजधानी नजिकका खेतीयोग्य काभ्रेपलाञ्चोक, धादिङलगायत जिल्लामा बिक्री गर्न सकिन्छ। उपत्यका आसपासका जिल्लामा रहेका खेतीयोग्य खाली जमिन भाडामा लिने योजना पनि बनाएका छौं। त्यहाँ खेती गराएर केही व्यक्तिलाई रोजगारी पनि दिन सकिन्छ।

**ट्राफिक व्यवस्थापन र अव्यवस्थित पार्किङलाई कसरी समाधान गर्नुहुन्छ ?**

यसअघि पनि राति १० बजेसम्म सार्वजनिक यातायात चलाइयो। तर रातिसम्म कार्यालय खुलेनन् त्यसो नहुँदा यात्रु भएनन्। हामी कार्यालय समयलाई हेरफेर गर्ने सोचमा छौं। कुनै कार्यालय मध्याह्न १२ देखि साँझ ७, कुनै अपराह्न २ देखि राति ९ बजेसम्म सञ्चालन गर्न सकिन्छ। रात्रिकालीन सुरक्षाका लागि पहिलो चरणमा महानगर क्षेत्रमा १० हजार सिसिटिभी क्यामरा जडान गर्छौं। नगर प्रहरीलाई सुरक्षा तालिम दिन्छौं। बेलुका ढिलासम्म कार्यालय खुले भने बेलुका बस चढ्ने यात्रु पनि हुन्छ। हरेक बसमा सिसिटिभी र जिपिएस सिस्टम जडान गर्छौं। टोलटोलमा सिसिटिभी र सडक बत्ती हुन्छन्। प्रत्येक व्यक्ति कहाँ पुगेको छ भनेर जिपिएसबाट 'ट्र्याक' गरेर हेर्न सकिन्छ। सिसिटिभी तत्काल खरिद गरेर जोड्न सकिन्छ। सिसिटिभीसँगै सार्वजनिक बसमा जिपिएस सिस्टम लगाउन सकिन्छ। कतिपय चोकमा यसअघि नै सिसिटिभी जडान गरिएका छन्। तर प्रभावकारी अनुगमन नहुँदा यसले काम गरे/नगरेको कसैलाई पनि थाहा छैन। सिसिटिभीसँगै सडक बत्ती पनि जोड्छौं।

**पूर्वाधार निर्माणमा विभिन्न निकायबीच समन्वय नहुँदा नगरवासीले सास्ती खेप्नु परिरहेको छ नि ?**

सडक विभागले सडक बनाउँछ। सडकको निश्चित 'डेन्सिटी', 'टेम्प्रेचर' र 'कम्प्याक' हुन्छ। यसको अनुगमन महानगरले गर्छ। म आफैं पनि इन्जिनियर हुँ, म पनि जान्दछु। डेन्सिटी पुगेन भने फेरि पेल्न लगाउन सकिन्छ। काम भइरहेको स्थानमा अनुगमन भइरहेको छैन। सडकमा ढलान गरियो तर ढलानमा प्रयोग गरिएका सामग्रीको गुणस्तर कस्तो छ ? निर्माणकर्ताले जस्तो प्रतिवेदन दियो त्यसलाई मान्ने गरिएको छ। अब त्यस्तो हुँदैन, सडकमा कस्ता सामग्रीको प्रयोग गरिएको छ, पहिले त्यो महानगरको प्रयोगशालामा परीक्षण हुन्छ। अनुगमनलाई प्रभावकारी बनाउँछौं। बाटामा हुने खाल्डाखुल्डी तत्काल मर्मत गर्न 'इन्फ्रास्ट्रक्चर एम्बुलेन्स'को व्यवस्था गर्नेछौं।

**सार्वजनिक शौचालयको उचित प्रबन्ध नहुँदा नागरिक छन्। यसलाई कसरी समाधान गर्नुहुन्छ ?**

सरकारी कार्यालयले चर्चेको केही जग्गा लिएर महानगरको लगानीमा सार्वजनिक शौचालय बनाउँछौं। कार्यालयसँग सहकार्य गरी 'कम्पाउण्ड'को पर्खाल भत्काएर थोरै जग्गामा शौचालय बनाउन सकिन्छ। सार्वजनिक शौचालयको पर्याप्त व्यवस्था गर्न हामीले नगरभित्र रहेका रेस्टुरेन्टसँग पनि छलफल गरेका छौं। रेस्टुरेन्टको शौचालयलाई पनि सर्वसाधारणले प्रयोग गर्नसक्ने बनाउँछौं। त्यसबापत उहाँहरूलाई करमा केही छुट दिन सकिन्छ। त्यस्ता रेस्टुरेन्टमा विशेष प्रकारका संकेत राखिनेछ। त्यस्तो संकेत राखेको स्थानमा कसैसँग अनुमति नलिई शौचालयको प्रयोग गर्न सकिन्छ।


**काठमाडौंको कला, संस्कृति, यहाँको सांस्कृतिक वैभवलाई कसरी अगाडि बढाउनुहुन्छ ?**

कला, संस्कृति, सम्पदा र सभ्यतालाई जीवन्त राख्न कुनै कसर बाँकी राख्ने छैन। यसका लागि हामीले भक्तपुर नगरपालिकासँग विभिन्न चरणमा छलफल गरेका छौं। यहाँको काष्ठकला, मूर्तिकलाको संरक्षणका लागि दक्ष जनशक्तिको उत्पादन गर्न तालिम केन्द्रको व्यवस्था गर्नेछौं। काठमाडौंका प्राचीन कला, संस्कृतिको संरक्षण गर्न 'अरनिको' नै चाहिन्छ भनेर मैले पैरवी गर्दै आएको छु। म आफैंले पनि लिच्छवीकालीन, मल्लकालीन इतिहासका बारेमा गहिरो अध्ययन गरेको छु। संस्कृतिलाई पर्यटनसँग जोड्नुपर्छ। पर्यटन, कला, संस्कृति, सम्पदा संरक्षणको क्षेत्रमा बजेट बढाउने सोचमा छौं। यसले नागरिक र देशको आर्थिक अवस्थालाई नै सकारात्मक प्रभाव पार्दछ।

**यहाँ स्वतन्त्ररूपमा प्रमुखमा निर्वाचित हुनुभयो तर तपाईंका सारथीहरू दलीय प्रतिनिधित्वका साथ प्रस्तुत हुनुहुन्छ होला। कसरी समन्वय गर्नुहुन्छ ?**

मलाई सबै पार्टीका नेता कार्यकर्ता तथा जनताले मत दिनुभएको हो। पार्टीबाट वडाध्यक्षमा निर्वाचित हुनुभएका व्यक्तिले पनि मलाई मत दिनुभएको छ। उहाँहरूले काम गर्न नदिने, सहयोग नगर्ने भन्ने प्रश्न नै आउँदैन। सबै मेरो 'सपोर्ट'मा हुनुहन्छ। सबै पार्टीका शीर्ष नेता तथा प्रतिस्पर्धी सबैले मलाई टेलिफोन गरेर सहयोगको प्रतिबद्धता व्यक्त गर्नुभएको छ। हामी कार्यपालिका बैठकको प्रत्यक्ष प्रसारण नै गर्नेछौं। जनताको पक्षमा काम गर्न कसले नमान्नु होला र ?

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ। यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो। -सं.



**बजार सरसफाइ** गणतन्त्र दिवसको अवसरमा शनिबार कालिकोटको सदरमुकाम मान्म बजार सरसफाइ गर्दै सशस्त्र प्रहरी बलका कर्मचारीहरू । *तस्विर: रासस*

# अरूको आलोचनामा नअल्भिmऔं : नेता पुन

■ प्रभाव संवाददाता



**काभ्रे–** नेकपा (माओवादी केन्द्र)का केन्द्रीय सदस्य एवं केन्द्रीय कार्यालय इन्चार्ज वर्षमान पुनले आफ्ना जनप्रतिनिधिलाई अरुको आलोचना र खिसीट्युरीमा नअल्भिmन सुझाव दिएका छन् ।

नवनिर्वाचित स्थानीय जनप्रतिनिधिलाई बधाई दिन शनिबार काभ्रेमा आयोजित कार्यक्रममा पुनले उनीहरूलाई सुझाव दिएका हुन् । उनले जनप्रतिनिधिले राम्रो काम गर्दा पार्टीले सहयोग गर्ने र हौसला दिने तर गलत काम, पार्टीलाई बदनाम गरे कारबाही गरिने चेतावनी पनि दिए ।

उनले जनप्रतिनिधिले पार्टीको निश्चित नीति, विचार, आदर्श, कार्यशैली र अनुशासनको दायरामा बसेर जनताका पक्षमा काम गर्न सक्नुपर्ने भनाई राखे ।

राम्रो काम गरेर मन जितेपछि जनता आफैं माओवादी खोज्दै आउने उनको भनाइ थियो । राम्रो काम गरेकै कारण भरतपुर महानगरपालिकाकी मेयर रेणु दाहालले अघिल्लो निर्वाचनमा दुई सय मतान्तरले जितेकामा यसपटक १२ हजारभन्दा बढी मत प्राप्त गरेको जानकारी गराए ।

कांग्रेस सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले नमुना कामका आधारमा रेणुलाई पुनः उम्मेदवार बनाउनैपर्ने अडान बारम्बार लिएको जानकारी गराउँदै पुनले पार्टीको इज्जत र प्रतिष्ठा धुलोमा मिलाउने जनप्रतिनिधिलाई पार्टीमा राखिरहन नसकिने बताए ।

जनप्रतिनिधिलाई प्रशिक्षित गर्न जेठ १८ र १९ गते प्रशिक्षण राखिएको जानकारी समेत उनले दिए । पुनले यसअघि जितेका ५० प्रतिशत जनप्रतिनिधिले किन निर्वाचन हारे भन्नेबारे कारण खोजिने समेत बताए । पुनले गणतन्त्र, संघीयता, धर्मनिरपेक्षताको बाहक हुनुका नाताले अहिले पनि एजेण्डाका आधारमा माओवादी मुलुकको पहिलो पार्टी भएको दाबी गरे ।

शान्तिपूर्ण प्रतिस्पर्धामा पार्टीको अनुहार जनप्रतिनिधिमा देखिने भएकाले रातदिन जनताका पक्षमा काम गर्न उनको सुझाव थियो ।

माओवादी केन्द्रका केन्द्रीय सदस्य एवं काभ्रेपलाञ्चोकका इन्चार्ज सूर्यमान दोङले अहिले जसरी विजय भएका छौं, त्यसभन्दा पनि गुणात्मक ढंगले अर्को निर्वाचनमा विजय हासिल गर्ने गरी काम गर्न आग्रह गरे । अहिलेको निर्वाचनमा विजयी जनप्रतिनिधिले पार्टी नीति, कार्यशैली र कार्ययोजनाका आधारमा काम गर्नसमेत उनले आग्रह गरे । सो क्रममा उनले निर्वाचनमा पार्टीको उम्मेदवारलाई विजय गराउन खटिने गाउँपालिका र वडा कमिटीलाई धन्यवाद व्यक्त गरे ।

माओवादी केन्द्र काभ्रेपलाञ्चोक जिल्ला समन्वय समितिका संयोजक भोला अर्यालको अध्यक्षतामा भएको कार्यक्रममा जिल्लाका विभिन्न स्थानीय तहमध्ये गाउँपालिका अध्यक्षमा विजयी खानीखोलाका अध्यक्ष इन्द्रबहादुर थिङ, महाभारतका अध्यक्ष कान्छालाल जिम्बा, चौरीदेउरालीका अध्यक्ष रेणुका चौलागाईं, भुम्लुका अध्यक्ष प्रेमबहादुर भुजेल तथा नमोबुद्ध नगरपालिका उपप्रमुख रत्नबहादुर लामा र बेथानचोक गाउँपालिका उपाध्यक्ष तारा राना तिमल्सिनालगायत विजयी वडाध्यक्ष र सदस्यलाई सम्मानपत्र प्रदान गरिएको छ ।

# सडक दुर्घटना न्यूनीकरण गर्न प्रहरीको सचेतना अभियान

**कञ्चनपुर–** सडक दुर्घटना बढ्दै जान थालेपछि यहाँ प्रहरीले ट्राफिक सचेतना कार्यक्रम सञ्चालन गरेको छ । सडक दुर्घटना न्यूनीकरणका लागि सचेतनामूलक ऱ्याली आयोजना गर्ने, पर्चा, पम्पलेट वितरण गर्ने, चालकलाई सिटबेल्ट बाँध्न सिकाउनेलगायत कार्य प्रहरीले अगाडि बढाएको छ ।





'मोटरसाइकल दुर्घटनाका घटना केही समयदेखि निकै बढदै गएका छन्' इलाका प्रहरी कार्यालय झलारीका प्रहरी निरीक्षक ज्ञानेन्द्रबहादुर सिंहले भने, 'मादक पदार्थ सेवन गरेर सवारीसाधन नचलाउन, सडक लेन अनुशासन पालना गराउन, हेल्मेटको प्रयोग गरी मोटरसाइकल तोकिएको सीमित गतिमा चलाउनका लागि चालकलाई सचेतना दिने कार्यमा जुटेका छौं ।'

तीव्रगतिले जीउधनको क्षति हुने भएकले यसबारे चालकलाई सचेत पार्नका लागि प्रहरीलाई भीडभाड हुने क्षेत्र र सम्भावित दुर्घटना हुने क्षेत्रमा परिचालनसमेत गरिएको छ । 'तनाव र अस्वस्थता भएका बेला पनि दुर्घटना हुने निकै सम्भावना रहन्छ', प्रहरी निरीक्षक सिंहले भने, 'यस्तो अवस्थामा सवारीसाधन चलाउनु नै बेस हुन्छ, यसका लागि पनि सचेत पार्ने काम भइरहेको छ ।'

सवारीसाधन चलाउँदा ओभरटेक नगर्ने र दूरी कायम गरी सवारीसाधन चलाउनका लागि समेत प्रहरी चालकलाई सम्झाउने बुझाउने कार्यमा संलग्न भएका छन् । सवारीसाधनको क्षमताभन्दा बढी यात्रु नचढाउने, सवारीसाधन चलाउँदा सिट बेल्ट अनिर्वायरूपमा चालकले बाँध्ने, सवारीसाधनमा यात्रुलाई झुन्ड्याएर नचढाउनेलगायत कार्य रोक्नका लागि प्रहरीले कार्य अगाडि बढाएको छ ।

सवारीसाधन चलाउनुभन्दा अगाडि सवारीको अवस्थाबारे अनिवार्यरूपमा जाँच गर्ने र मोटरसाइकल चलाउँदा आवश्यक कागजातका साथै हेल्मेट लगाएर मात्र चलाउने कार्य गर्नुपर्ने कुरा चालकलाई प्रहरीले सडकमै बताउने गरेको छ ।

झलारी-पिपलाडी उद्योग वाणिज्य संघका अध्यक्ष हरेन्द्रप्रसाद भण्डारी ट्राफिक नियमको पालना गरे सम्भावित दुर्घटनाबाट बच्न सकिने बताउँछन् । प्रहरीले सवारी दुर्घटना न्यूनीकरणका लागि सचेतनामूलक कार्यलाई निरन्तररूपमा जारी राख्ने जनाएको छ ।

ट्राफिक नियमको उल्लंघन गर्दै अटेरी गरेर सवारीसाधन चलाउनेलाई नियमानुसार कारबाही गरी जरिवाना तिराउने कार्यलाई समेत तदारुकताका साथ अगाडि बढाइएको छ । सवारी चालकले मादक पदार्थ सेवन गरे/नगरेकोबारे र द्रुतगतिमा सवारी हाँक्ने, क्षमताभन्दा बढी यात्रु बोक्ने सवारीमाथि कडाइ गर्ने कार्य गरिरहेको छ । *रासस*

# 'घरपरिवार र समाजबाट राम्रो संस्कार विकास गर्नुपर्छ'

■ प्रभाव संवाददाता

बागमती- बागमती प्रदेशका सभामुख सानुकुमार श्रेष्ठले घरपरिवार र समाजबाट राम्रो संस्कार र संस्कृतिको विकास गर्नसके मानव अधिकार कसैको पनि हनन नहुने बताएका छन् ।

राष्ट्रिय मानव अधिकार आयोगको २२औं वार्षिकोत्सवका अवसरमा आयोगको बागमती प्रदेश कार्यालयद्वारा हेटौंडामा आयोजित कार्यक्रममा उनले यस्तो बताएका हुन् । उनले राज्य सञ्चालन गरिरहेका व्यक्ति तथा निकायले आ-आफ्ना अधिकार तथा कर्तव्य बुझ्न सके पनि समस्या समाधान हुने बताए । उनले मानव अधिकारसँग सम्बन्धित ऐन र कानून राम्रा भए पनि त्यसलाई व्यावहारिकरूपमा कार्यान्वयनमा ल्याउन नसक्दा मानव अधिकार संरक्षणमा समस्या आएको बताए ।

उनले मानव अधिकार संरक्षणको सवालमा सबै एकजुट हुनुपर्ने र घरपरिवार र समाजबाट राम्रो संस्कार र संस्कृतिको विकास गर्नुपर्ने बताए ।

कागमती प्रदेशका भौतिक पूर्वाधार तथा योजना राज्यमन्त्री शन्त प्रजाले नागरिकको मानव अधिकार संरक्षणको सवालमा कुनै किसिमको भेदभाव गर्न नहुने बताईन् । उनले आयोगका प्रादेशिक प्रमुख यज्ञप्रसाद अधिकारीले द्वन्द्वका बेलामा नागरिकको सुरक्षाका लागि आयोगले निर्वाह गरेको भूमिकाबारे जानकारी गराए ।

## संक्षिप्त

### हातहतियारसहित पक्राउ

**सुनसरी (प्रस)–** ईटहरी उपमहानगरपालिका-४ स्थित गोपाल टोलबाट मेड इन युएसए लेखिएको पेस्तोल १ थान, १ थान म्याग्जिन र लागूऔषध जस्तो देखिने २३ एम्पुल सहित सोही ठाउँ बस्ने १९ वर्षीय धन बहादुर राई लगायत ३ जनालाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ ।

ईलाका प्रहरी कार्यालय ईटहरीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त हातहतियार सहित फेला पारी पक्राउ गरेको हो । सोलुखुम्बु, सोलु दुधकुण्ड नगरपालिका-४ रोक्दिनबाट जिर्ण अवस्थामा रहेको १ थान भरुवा बन्दुक शुक्रबार प्रहरीले बरामद गरेको छ ।

सोही ठाउँ बस्ने राम बहादुर श्रेष्ठको पुरानो घरमा बन्दुक फेला परेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुबाट खटिएको प्रहरीले उक्त बन्दुक बरामद गरेको हो ।

### भरुवा बन्दुक पड्किँदा एक जनाको मृत्यु

**दाङ (प्रस)–** लमही नगरपालिका-१ गौराह भन्ने जंगलमा सिकार खेल्न गएको अवस्थामा भरुवा बन्दुक पड्किँदा सोही नगरपालिका गौराह बसन्तपुर बस्ने २३ वर्षीय कालुराम घर्ती मगरको शुक्रबार मृत्यु भएको छ ।

कालुराम घर्ती मगर सहित ९ जना सिकार खेल्न गएकोमा सँगै गएका ४२ वर्षीय बुद्धिराम घर्तीमगरले बोकेको भरुवा बन्दुक लहरामा एक्कासि अग्नि गई पड्किँदा कालुरामको  घाँटीमा छर्रा लागेर मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ वडा प्रहरी कार्यालय लमहीबाट खटिएको प्रहरीले मृतक सँगै गएका ८ जनालाई ४ थान भरुवा बन्दुक सहित पक्राउ गरेको हो ।

# गाईघाट-दिक्तेल सडकखण्ड छ महिना बन्द

■ हरिकुमार राई

**उदयपुर–** सगरमाथा लोकमार्गअन्तर्गत उदयपुरको गाईघाटदेखि पहाडी जिल्ला खोटाङको दिक्तेलसम्मको गाईघाट-दिक्तेल सडक खण्ड छ महिनाका लागि बन्द गरिएको छ । गत मंसिरमा सुनकोसी नदीमा जडान गरिएको अस्थायी बेलिबृज दुई दिन अघिमात्रै खोलिएपछि उक्त सडकखण्ड छ महिनाका लागि बन्द भएको हो ।

सुनकोसी नदीमा पानीको बहाव बढेसँगै बेलिबृज खोलिएपछि अब छ महिनाका लागि पूर्वी तराईहुँदै गाईघाटदेखि खोटाङ सदरमुकाम दिक्तेलसम्मको सडकमार्गमा यातायात सेवा बन्द हुनपुगेको गाईघाट-दिक्तेल सडक कार्यालय उदयपुर बोक्सेले जनाएको छ । यहाँ छ महिनापछि पुनः अस्थायी बेलिबृज जडान गरिने छ ।



कार्यालयका अनुसार गाईघाट-दिक्तेल सडकखण्डअन्तर्गत उदयपुरको रौतामाई गाउँपालिका-५ को फोक्सिङटार र खोटाङको खोटेहाङ गाउँपालिका-९ स्थित लिच्की राम्चेबीचको सुनकोसी नदीमा गतसाल मंसिरमा जडान गरिएको अस्थायी बेलिबृज बिहीबार खोलिएपछि उक्त सडकखण्डमा सवारी आवागमन बन्द भएको हो । वर्षायाम सुरु भएसँगै सुनकोसी नदीमा पानीको बहाव बढ्न थालेका कारण नदीको बहावले बेलिबृज भत्काउन सक्ने भएकाले अहिले हटाइएको कार्यालयले जनायो ।

उक्त स्थानमा रौता रुक्मणि निर्माण कम्पनी प्रालीले बेलिबृज हिउँदका समयमा जडान गर्ने र वर्षायाममा हटाउने ठेक्का लिएको छ । उक्त बेलिबृज हटाइएपछि गाईघाटदेखि दिक्तेलसम्म सिधै सञ्चालन हुँदै आएका यातायातका साधन छ महिनाका लागि बन्द भएको हिमाली यातायात व्यवसायी संघ उदयपुरले जनाएको छ । उक्त सडकखण्डमा सम्पूर्ण यातायातका साधन बन्द हुँदा दैनिक खाद्यान्न ढुवानी र उपभोग्य वस्तु आपूर्तिमा जटिल समस्या आएको खोटाङ दिप्रुङ गाउँपालिका भडारेका व्यवसायी बद्री श्रेष्ठ बताए । 'बेलिबृज हटाएपछि खोटाङको तल्लो क्षेत्रमा दैनिक उपभोग्य वस्तु र खाद्यान्न ढुवानीमा समस्या परेकाले स्थानीयलाई निकै समस्या पर्दछ' उनले भने ।

खोटाङको दक्षिणी क्षेत्र र तल्लो पूर्वी क्षेत्रका जनताले दैनिक उपभोग्य वस्तु प्रायः विराटनगर, धरान, इटहरी, सप्तरी र उदयपुरको गाईघाटबाट दिक्तेल सडक हुँदै ढुवानी गर्ने गरेका थिए । यस्तै बेलिबृज हटाइएपछि खोटाङ पश्चिम तथा उत्तरी क्षेत्र नागरिकले भने सिद्धिचरण लोकमार्गअन्तर्गत उदयपुरको कटारी, घुर्मी हुँदै ओखलढुङ्गाको हर्कपुर, जयराम घाट, हलेसी हुँदै दैनिक उपभोग्य सामग्री व्यवस्थापन गर्नुपर्ने बाध्यता रहेको छ ।

विसं २०५१ मा तत्कालीन प्रधानमन्त्री मनोमोहन अधिकारीले सगरमाथा लोकमार्गअन्तर्गत १५८ किलोमिटर लामोदूरीको गाईघाट-दिक्तेल सडकखण्डको औपचारिक शिलान्यास गरेका थिए । २७ वर्ष बितिसक्दा पनि उक्त सडकखण्ड निर्माण कार्य सम्पन्न हुन सकेको छैन । साथै २०६७ मा सुनकोसी नदीमा निर्माण सुरु गरिएको पक्की पुल ११ बर्ष बितिसक्दा पछि ४० प्रतिशत काम सम्पन्न हुन सकेको छैन ।

सुनकोसी नदीमा पक्की पुल निर्माण सम्पन्न नहुँदा विसं २०७० देखि हिउँद समयमा अस्थायी बेलिबृज प्रयोग गरिँदै आइएको थियो । सोही बेलिबृज वर्षायाममा खोल्ने र हिउँदा जोड्ने गरिएको हो ।

यस वर्ष छ महिनासम्म सञ्चालनमा आएको गाईघाट-दिक्तेल सडकअन्तर्गत सुनकोसीको पचास मिटर लम्बाई र छ मिटर चौडाईको अस्थायी बेलिबृज छ महिनापछि पुनः जोडिने कन्स्ट्रक्सन प्रालिका महेश रेग्मीले बताए । *रासस*


# प्रभाव दैनिक

आइतबार, १५ जेठ २०७९ (Sunday, May 29, 2022)


रूपशाला

## निर्देशनमा डेब्यू गर्दै इमरान खान

फिल्म 'जाने तू या जाने ना' बाट बलिउडमा डेब्यू गरेका अभिनेता इमरान खान फिल्मबाट अहिले टाढा छन् । अभिनेता आमिर खानका भाञ्जा समेत रहेका इमरान सामाजिक सञ्जालमा पनि उति सक्रिय छैनन् । अब भने इमरानले फिल्ममा पुनरागमन गर्ने तयारी गरेका छन् । इमरानको फिल्मी पुनरागमन अभिनेताका रूपमा नभई निर्देशकका रूपमा हुँदैछ ।



# खिमलालको पन्ध्रौं चुलीको लोकार्पण



**काठमाडौं (प्रस)–** लेखक एवम् सर्भेयर खिमलाल गौतमको पुस्तक 'पन्ध्रौं चुली' लोकार्पण गरिएको छ । १५औं अन्तर्राष्ट्रिय सगरमाथा दिवसको पूर्वसन्ध्याका अवसरमा शनिबार काठमाडौंको भृकुटीमण्डपस्थित पर्यटन बोर्डमा आयोजित विशेष समारोहमा सरकारका मुख्यसचिव शंकरदास वैरागी, कीर्तिमानी आरोहीहरू कामी रिता शेर्पा र मिङ्मा शेपाले पुस्तक लोकार्पण गरे ।

सीमाविद् बुद्धिनारायण श्रेष्ठ, लेखक अमर न्यौपाने र पर्यटन विभागका महानिर्देशक तारानाथ अधिकारीले पुस्तक एवम् सगरमाथा सम्बन्धमा चर्चा गरे । कार्यक्रममा सीमाविद् बुद्धिनारायण श्रेष्ठले पुस्तक लेख्न गाह्रो काम भए पनि खिमलाल गौतमले त्यसलाई सजिलोसँग पार लगाएको बताए । पुस्तक रोचक किसिमले लेखिएको र यसमा सगरमाथा आरोहण मात्र यसका इतिहाससम्बन्धी नालीबेलीसमेत रहेको उनको भनाइ छ । 'भविष्यमा सगरमाथा आरोहण गर्ने व्यक्तिहरूका लागि यो पुस्तक उपयोगी छ नै । पर्वतारोहीहरूले यो पढ्नैपर्छ,' श्रेष्ठले भने, 'यस सम्बन्धमा रुचि राख्नेहरूले त झनै पढ्नुपर्छ ।'

पुस्तक पढ्दै जाँदा सरासर समिटमा पुगिने उनले बताए । 'यहाँ प्राविधिक कुरा पनि छन् । सगरमाथाको उचाइ कहिले नापियो, विदेशीहरूले पनि कहिलेकहिले मापन गरे आदि रोचक तथ्य पुस्तकमा छन्,' सीमाविद् श्रेष्ठले भने, 'अहिले भने नेपालले सगरमाथाको उचाइ मापन गरेको छ । त्यसको सम्पूर्ण इतिवृत्त यहाँ छ ।'

कार्यक्रममा पर्यटन विभागका महानिर्देशक तारानाथ अधिकारीले सगरमाथा पृथ्वीको शिर रहेको र त्यसमा केन्द्रित पुस्तक 'पन्ध्रौं चुली' रहेको बताए । पृथ्वीको स्नायुशास्त्र (न्युरोलोजी अफ अर्थ) का रूपमा खिमलाल गौतमको 'पन्ध्रौं चुली' आएको उनको धारणा छ । आफू विभागको नेतृत्वमा रहे पनि यस किताबले आफूलाई सगरमाथाका हरेक खुट्किलाबारे जानकारी लिन सजिलो भएको उनको भनाइ छ ।

नेपाल एकेडेमी अफ टुरिजम एन्ड होटल म्यानेजमेन्ट (नाथम), पर्वतीय प्रशिक्षण प्रतिष्ठानलगायत पर्यटनसम्बन्धी औपचारिक पढाइ हुने शिक्षण संस्थाका लागि यो बलियो सन्दर्भ सामग्री रहेको उनको दाबी छ । 'कर्मचारीहरूलाई विशिष्टीकरण गर्ने सम्बन्धमा यसले प्रेरणा दिन्छ,' उनले भने, 'जसले जुन विषयमा दक्षता हासिल गरेको छ, सोही विषयमा काम गर्दा वर्क पर्फमेन्स पनि बढी देखिने गर्छ ।' हर्क गुरुङपछि यस खालको भूगोललाई समेत समेटेर आममानिसले बुझिने गरी लेखिएको किताब 'पन्ध्रौं चुली' रहेको उनले बताए ।

पुस्तक पैताला र अध्ययनले लेखिएको पुस्तक 'पन्ध्रौं चुली' रहेको लेखक अमर न्यौपानेको भनाइ छ । 'पैतालाले यसकारण, उनी एक पटक नेपाल भ्रमण वर्ष र अर्को पटक सगरमाथाको उचाइ मापनका लागि सगरमाथाको शिखरमै पुगे,' न्यौपानेले भने, 'सगरमाथा आरोहणको इतिहास पनि यहाँ पाइन्छ । त्यसैले यसलाई अध्ययनबाट लेखिएको भन्न सकिन्छ ।' यो पुस्तक विश्वमै पहिलो पटक सर्भेयर इन्जिनियर सगरमाथा शिखरमै पुगेर मापन गरेको घटना सङ्ग्रह पनि रहेको न्यौपानेको भनाइ छ । 'त्यसैले यो पुस्तकको विशेष महत्त्व छ,' उनले भने, 'यो पुस्तक संस्मरण र अध्ययनको कोलाज पनि हो । यहाँ लेखकले आरोहण यात्राको वृत्तान्त मात्र सुनाएका छैनन्, उनले सगरमाथाका रोचक तथ्यतथ्याङ्क पनि प्रस्तुत गरेका छन् ।'


अङ्ग्रेजीमा हिमालबारे धेरै किताब लेखिए तापनि नेपालीमा एकदम कम लेखिएको फाइनप्रिन्टका अजित बरालले बताए । 'पन्ध्रौं चुली'ले त्यस किसिमको अभाव पूरा गर्ने उनको भनाइ छ । पुस्तकले सगरमाथा, त्यसको आरोहण र सर्वेक्षणबारे हाम्रो ज्ञान बढाउनेसमेत उनले जनाए ।

कार्यक्रममा लेखक गौतमले आफूले पुस्तक लेख्नुपर्नाका कारणबारे केही बताए । उनले केही आफ्ना निजी अनुभव पनि सुनाए । 'पन्ध्रौं चुली' भावना र भूगोलको सम्मिश्रण हो । सगरमाथाका विषयमा हामीले गौरव मात्र गर्‍यौं, यसका विषयमा नेपाली वाङ्मयमा कम लेखिएको पाएँ,' उनले भने, 'यसबारे केही लेख्नुपर्छ भन्ने मलाई लाग्यो । सगरमाथाका विषयमा नेपालीमा सन्दर्भसामग्री त्यति नभएकाले पनि अब केही त लेख्नैपर्‍यो भनेर यसमा हात हालेको हुँ ।' राष्ट्रसेवाका अवसरमा आफू दुईदुई पटक सगरमाथा आरोहणमा गएको र त्यसको अनुभूति पक्कै पनि पाठकलाई उपयोगी हुन सक्ने ठानेर पुस्तक लेखनमा लागेको उनको भनाइ छ । 'म राष्ट्रसेवक मात्र होइन, म निजी व्यक्ति पनि हुँ,' उनले भने, 'यसलाई मैले साहित्य खण्डमा समेटेको छ । सगरमाथाबारेका तथ्यलाई मैले इतिहासमा समेटेको छु । यसबारे पाठकले पक्कै मूल्यांकन गर्नुहुनेछ ।'

सगरमाथाको चुली चुम्नु धेरैका लागि कल्पना र थोरैका लागि यथार्थ हो । खिमलाल गौतमले दुई पटक सगरमाथाको चुली चुमेका छन् । नेपालमा पर्यटन प्रवर्द्धन गर्न २०६८ सालमा पहिलो पटक शिखर यात्रा गरेका उनी दोस्रो चोटि भने सरकारको कार्यक्रमअन्तर्गत २०७६ सालमा उचाइ मापनका लागि सर्वेक्षण गर्न गएका थिए । सामान्य आरोहीका लागि चुचुरोमा पुगेपछि लक्ष्य पूरा हुन्छ । तर उनको टोलीका लागि लक्ष्य सुरू भएको थियो । सर्भेयर नै शिखरमा पुगेर सगरमाथा सर्वेक्षण गरिएको यो संसारकै पहिलो कीर्तिमान हो ।

'पन्ध्रौं चुली' साहस, जोखिम र सङ्घर्षको यात्रा-कथा हो, जहाँ लेखकले आरोहणका क्रममा मृत्युलाई नजिकबाट देखेका छन् । उनलाई मृत्युले छोएर जान्छ, लिएर जाँदैन । यो यात्रा कथा मात्र होइन, सगरमाथा आरोहणको इतिहास पनि हो, जसले सगरमाथा सम्बन्धमा नयाँ तथ्य पनि उद्घाटित गर्छ ।

कास्कीको पोखरा नजिकै धितालमा जन्मिएका खिमलाल गौतम पेसाले सर्भेयर हुन् । साल्जबर्ग विश्वविद्यालय, अस्ट्रियाबाट भौगोलिक सूचना प्रणालीमा स्नातकोत्तर उनी निजामती सेवामा १७ वर्षदेखि कार्यरत छन् । दुई पटक सगरमाथा आरोहण गरिसकेका उनले २०७६ सालमा नेपालले पहिलो पटक सगरमाथाको उचाइ मापन गर्ने कार्यक्रमअन्तर्गत समिट अब्जर्भेसन सर्भे टोलीको संयोजकका रूपमा चुचुरोमै पुगी सर्भे गरेका हुन् ।



# साकिरामाथि कर छलीको आरोप

**लसएन्जल्स–** कोलम्बियाकी प्रख्यात गायिका साकिरा जहिल्यै आफ्ना गीतका कारण चर्चामा आइरहन्छिन् । उनका हरेक गीत उत्तिकै लोकप्रिय हुन्छन् । तर ,अहिले भने यी गायिका गीतले होइन कर छलीको मामलाबाट चर्चामा छिन् । स्पेनको एक अदालतले कर छलीको मामलामा उनीमाथि मुद्दाको बाटो तय गरेको छ साकिराले आफूमाथि लागेको आरोप निराधार भएको भन्दै अदालतमा निवेदन दिए पनि अदालतले त्यसलाई स्वीकारेन ।

गायिका साकिराको कर छलीको मामला पहिलो पटक सन् २०१८ मा सार्वजनिक भएको थियो । त्यो समयमा स्पेनिस उजुरीकर्ताले साकिरामाथि सन् २०१२ र २०१४ को बीच आम्दानी बापत एक दशमलव ५५ करोड अमेरिकी डलर कर भुक्तानी नगरेको आरोप लगाएका थिए । यो मामलामा उनी अदालतमा पनि उपस्थित भएकी थिइन् ।

'यसको पर्याप्त प्रमाण छ कि साकिराले राज्यमा कर तिर्ने प्रतिबद्धता पालन गरेकी छैनन् । यस्तोमा उनीमाथि मुद्दा चलाउन सकिनेछ । यदि गायिकामाथिको आरोप सही साबित भए र उनी दोषी ठहरिए भने जरिवानासँगै कारावासको सजाय भोग्न तयार हुनुपर्नेछ,' अदालतले भनेको छ ।

साकिरामाथि कर छलीको मामला सन् २०१९ को जूनमा अदालतमा दर्ता भएको थियो । गायिकाले आफ्नो बयानमा सबै आरोपको खण्डन गरेकी थिइन् । उनले आफूलाई कर कार्यालयले दिएको सूचनाका आधारमा सबै कर तिरेको दाबी गरेकी थिइन् ।

तर, अहिले पुनः कर छलीको विषय साकिराका लागि टाउको दुखाईको विषय बनेको छ । यद्यपि, पहिलोपटक न्यायाधीशले अपराधीलाई काराबासको सजायमा माफी दिनसक्ने जनाइएको छ । तर, यसबारे आधिकारिक पुष्टि हुन सकेको छैन । *एजेन्सी*

## रंगशाला

आईसिसी पुरुष विश्वकप लिग -२

# नेपाली क्रिकेट टिम अमेरिका प्रस्थान



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** अमेरिकामा आयोजना हुने आईसीसी पुरुष क्रिकेट विश्वकप लिग टु अन्तर्गतको त्रिदेशीय एकदिवसीय सिरिज खेल्ने नेपाली राष्ट्रिय क्रिकेट टोली अमेरिका प्रस्थान गरेको छ ।

क्रिकेट टिम नेपालले अमेरिका र ओमानबीच हुने सिरिजका लागि अमेरिका प्रस्थान गरेको हो ।

त्यसअघि नेपाल क्रिकेट संघ (क्यान) ले शनिबार सिरिजका लागि अमेरिकाको टेक्सस जाने नेपाली टोलीलाई बिदाइ गरेको हो । नेपाली टोलीलाई युवा तथा खेलकुद मन्त्री महेश्वर गहतराज, क्यानका अध्यक्ष चतुरबहादुर चन्द लगायतले बिदाइ गरेका थिए । सिरिजका लागि क्यानले सन्दीप लामिछानेको कप्तानीमा १५ सदस्सीय टोलीको घोषणा गरिसकेको छ ।

सिरिज अन्तर्गत नेपालले पहिलो खेलमा ओमानविरुद्ध खेल्नेछ । नेपाल र ओमानबीचको खेल जुन ९ मा हुनेछ ।

यस्तै नेपालले दोस्रो खेल अमेरिकाविरुद्ध जुन ११ मा खेल्नेछ । नेपालले तेस्रो खेलमा फेरि ओमानविरुद्ध जुन १४ र अन्तिम खेलमा नेपालले अमेरिकाविरुद्ध जुन १५ मा खेल्ने तालिका रहेको छ ।

लिग टु को अंक तालिकामा नेपाल छैटौं स्थानमा रहेको छ ।

नेपालले अहिलेसम्म १२ खेल खेलेको छ । जसमा नेपालले ६ जित र ६ खेलमा हार व्यहोरेको छ । नेपालले सिरिज अघि दुई अभ्यास खेल खेल्नेछ । क्यानले नेपाली टोलीले अमेरिकामा रहेका पूर्व खेलाडीहरूको क्लब नेपाली अल स्टार्स र ह्युस्टन हरिकेन्ससँग एकदिवसीय अभ्यास खेल खेल्ने जनाएको छ । नेपालले अल स्टार्ससँग जुन २ र हरिकेन्ससँग जुन ४ मा खेल्ने तालिका रहेको छ ।

**नेपाली टिम -**

सन्दीप लामिछाने, आसिफ शेख, कुशल भुर्तेल, रोहित पौडेल, दिपेन्द्र सिंह ऐरी, आरिफ शेख,विनोद भण्डारी, सुनिल धमला, देव खनाल, आदील अन्सारी, करण केसी, सोमपाल कामी, बिक्रम सोब, किशोर महतो, सागर ढकाल

# महेन्द्रनगरलाई उपाधि




■ **प्रभाव संवाददाता**

**धनगढी–** महेन्द्रनगर क्रिकेट एकेडेमीले क्लब स्तरीय टी-२० राष्ट्रिय क्रिकेट प्रतियोगिता धनगढी सुपर लिगको उपाधि जितेको छ । धनगढीको लिटल फ्लावर क्रिकेट क्लबलाई २२ रनले पराजित गर्दै महेन्द्रनगरले उपाधि जितेको हो । उपाधिसँगै महेन्द्रनगरले नगद २ लाखसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । उपविजेता बनेको लिटल फ्लावरले १ लाखमा चित्त बुझायो ।

कैलालीको धनगढी स्थित प्रदेश प्रहरीको खेल मैदानमा शनिबार टस जितेर ब्याटिङ थालेको महेन्द्रनगरले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर १ सय ४० रन बनाएको थियो ।

१ सय ४१ रनको विजयी लक्ष्य पछ्याएको लिटल फ्लावरले १८.३ ओभरमा १ सय १८ रन मात्रै बनाउन सक्यो । उसका लागि दीपक बोहराले सर्वाधिक ४१ रन बनाए । नरेन भट्टले १८, अभिषेक पालले टिमलाई १३ र सन्दीप खत्रीले १२ रनको योगदान दिए । बलिङ तर्फ महेन्द्रनगरका सन्तोष भट्टले महत्त्वपूर्ण ४ विकेट लिए । हेमन्त धामी र विपिन धामीले समान २/२ तथा राहुल भण्डारी र विकास आग्रीले समान १/१ विकेट लिए ।

त्यस अघि महेन्द्रनगरका लागि विशाल ऐरले ३३ र सन्तोष भट्टले २१ रन बनाए । उसका राहुल भण्डारी, हेमन्त धामी र विकास आग्रीले समान १३/१३ रन बनाए । बलिङ तर्फ लिटल फ्लावरका कृष्ण कार्कीले ३, दीपक बोहरा र कुशल रूपाखेतीले २/२ तथा प्रकाश जैसी र सन्दीप खत्रीले समान १/१ विकेट लिए । फाइनल खेलको प्लेयर अफ दी म्याच सन्तोष भट्ट घोषित भए ।

प्रतियोगिताकै सर्वोत्कृष्ट खेलाडी लिटल फ्लावरका दीपक बोहरा घोषित भए । उनले नगद १५ हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरे । त्यस्तै उत्कृष्ट ब्याट्सम्यान धनगढी क्रीकेट एकेडेमीका राजु रिजाल, उत्कृष्ट बलर घोषित भएका धनगढी क्रीकेट एकेडेमीका हिक्मत महरा प्रतियोगिताका उदीयमान खेलाडी समेत बन्न सफल भए । उनीहरूले जनही ७ हजार ५ सय नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरे ।

विजेताहरूलाई एक समारोहकाबिच सुदूरपश्चिमका सामाजिक विकास राज्यमन्त्री टेकबहादुर रैका, होटेल डीभोटीका जनरल म्यानेजर हरिस भण्डारी, आयोजक लिटल फ्लावर स्पोर्ट्स एण्ड इभेन्ट्स प्रा.लि.का अध्यक्ष रामचन्द्र शाहीलगायतले पुरस्कार वितरण गरेका थिए ।

# बुटवलको खुला दौड प्रतियोगितामा पाण्डे विजयी



■ **प्रभाव संवाददाता**

**भैरहवा–** गणतन्त्र दिवस २०७९ को पूर्वसन्ध्यामा लुम्बिनी प्रदेशको अस्थाई राजधानी बुटवलमा खुला दौड प्रतियोगिता आयोजना गरिएको छ । लुम्बिनी प्रदेश शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय र लुम्बिनी प्रदेश खेलकुद परिषद्को संयुक्त आयोजनामा शनिबार भएको पाँच किलोमिटर खुला दौड प्रतियोगिताको उपाधि कपिलवस्तु वाणगंगा बहुमुखी क्याम्पस, लौगाईका अजय पाण्डेले जितेका छन् ।

उनले १६ मिनेट ३० सेकेन्डमा पाँच किलोमिटरको दूरी पार गरे । प्रतियोगितामा नविन औधोगिक माविमा ११ कक्षामाअध्ययरत प्रशान्त थापा दोस्रो भए । उनले सो दूरी १७ मिनेट ४२ सेकेन्डमा पार गरेका थिए । त्यस्तै, कालिका मानवज्ञानका राजनबलाल थापा प्रतियोगितामा तेस्रो भए । उनले १८ मिनेट १२ सेकेन्डमा दुरी पार गरेका थिए ।

यसैगरी, महिलातर्फ घोराहीकी अनिषाचौधरी प्रथम भईन । उनले २२ मिनेट २७ सेकेन्डमा दुरी पार गरेकी थिईन । कालिकाकी अन्जना पाण्डेले २९ मिनेट १३ सेकेन्डमा दूरी पार गर्दै दोस्रो भईन । कालिकाकै सन्जना अधिकारी ३० मिनेटमा दूरी पार गरी प्रतियोगितामा तेस्रो भईन ।

लुम्बिनी प्रदेशमा भौतिक पूर्वाधारसँगै खेलकुद गतिविधिलाई अगाडि बढाउन कार्यक्रम आयोजना गरिएको परिषद्का सदस्य सचिवजयप्रकाश भट्टराईले बताए । खेलाडीहरूलाई आर्थिक रूपमा सबल हुने गरी सरकारको योजना र कार्यक्रमहरू अघि बढेको उनको दाबी छ । प्रतियोगितामाप्रथम, दोस्रो र तेस्रो हुने खेलाडीलाई क्रमशः नगद १० हजार, ८ हजार र ५ हजारसहित प्रमाणपत्रबाट आईतबार हुने औपचारिक कार्यक्रममा पुरस्कृत गरिने उनले बताए ।

कार्यक्रममा एक समारोहबीच लुम्बिनी प्रदेशका मुख्यमन्त्री कुल प्रसाद केसीले उद्घाटन गर्दै खेलकुदको विकासमा प्रदेश सरकार लागेको बताए । दौडमा रूपन्देही, कपिलबस्तु, घोराही, पाल्पा, नवलपरासी, गुल्मीलगायतका एक सयभन्दा बढी खेलाडीहरू सहभागी थिए ।



अमेरिकाको टेक्सास, उभाल्डेस्थित उभाल्डे काउन्टी कोर्टहाउसबाहिर अस्थायी स्मारकमा सामूहिक गोलीबारीमा मारिएकी उनकी साथी अन्नाबेले रोड्रिग्वेजका लागि सन्देश लेख्दै छात्रा एलाना डे लियोन । *तस्बिरः एएफपी*

# मंकीपक्स २० देशमा फैलियो

**जेनेभा–** विश्वका २० देशमा मंकीपक्सको संक्रमण पुष्टि भएको छ । विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ)ले शुक्रबार दिएको जानकारीअनुसार विभिन्न देशमा मंकीपक्सबाट संक्रमितको संख्या बढ्दै गइरहेको छ । उनीहरूले विश्वभरी अहिलेसम्म २०० जनामा मंकीपक्सको संक्रमण पुष्टि भएको जनाएका छन् ।

'हामीलाई प्राप्त विवरणअनुसार विश्वभरि अहिलेसम्म झण्डै २०० मा संक्रमण पुष्टि भएको छ भने अरु १०० भन्दाबढीमा शंकास्पद लक्षण देखिएको छ,' डब्ल्यूएचओका अधिकारीको भनाइ छ । मंकीपक्स भाइरसका बारेमा धेरै मानिसले ध्यान नदिएको र दिनप्रतिदिन फैलिँदै गएकाले यसले विश्वभरलाई प्रभावित पार्नसक्ने भन्दै धेरैले चिन्ता गरेकोले उच्च सतर्कता अपनाउन चिकित्सकको अनुरोध छ । डब्ल्यूएचओका उच्च अधिकारीले संक्रमण देखिएका मुलुकमा थप



व्यक्त गरेका छन् ।यस भाइरसका कारण मानिसको मृत्यु नै हुने नगरेपछि संक्रमण छिटो-छिटो धेरै जनामा सर्ने र शारीरिक समस्या हुने फैलिन नदिने र नदेखिएका मुलुकमा प्रवेश गर्न नदिनेगरी गरी काम गर्न पनि सबैलाई आह्वान गरेका छन् । *रासस/एएनआई*

## चीनमा आठको मृत्यु

**फुझाउ–** चीनमा पहिरोमा परी आठ जनाको मृत्यु भएको छ । पहिरोका कारण मानिस बसेको दुईवटा घर भत्किएपछि त्यहाँ रहेका मानिसको मृत्यु भएको अधिकारीले जनाएका छन् । देशको पूर्वीक्षेत्रमा पर्ने फुजियान प्रान्तअन्तर्गतको वुपिङमा शुक्रबार पहिरो गएको समाचारमा जनाइएको छ । उनीहरूले शनिबार दिएको जानकारीअनुसार बिहीबार रातिदेखि अत्यधिक वर्षा भएको र त्यसपछि पहिरोले घर भत्काएको थियो ।*रासस/सिन्ह्वा*

# चीन र रुसको भिटोले उत्तर कोरियाविरुद्धको प्रतिबन्ध प्रस्ताव असफल

**संयुक्त राष्ट्रसंघ–** प्रजातान्त्रिक जनगणतन्त्र कोरियाविरुद्ध नयाँ प्रतिबन्ध लगाउने उद्देश्यले सुरक्षा परिषद्मा प्रस्तुत प्रस्ताव असफल भएको छ । सुरक्षा परिषद्का १३ सदस्य देशले अनुमोदन गरेको प्रस्तावलाई चीन र रुसले भिटो लगाएर असफल पारेका हुन् ।

चीनको मतको व्याख्या गर्दै संयुक्त राष्ट्रसंघका लागि चीनका स्थायी प्रतिनिधि झाङ जुनले उत्तर कोरियामा सुरक्षा परिषद्का प्रस्तावलाई व्यापक, पूर्ण र सहीरूपमा कार्यान्वयन गर्नुपर्ने बताउँदै सम्बन्धित देशले नाकाबन्दीको कार्यान्वयनमा मात्रै एकतर्फी जोड दिन नहुने चीनको अभिमत व्यक्त गरे ।

समस्याको राजनीतिक समाधान खोजिनुपर्ने, हालको अवस्थामा, प्योङयाङविरुद्ध थप प्रतिबन्धले समस्या समाधानमा मद्दत नगर्ने बरु थप नकारात्मक प्रभाव र टकरावलाई मात्र निम्त्याउने राजदूत झाङले बताए । कोभिड-१९ को पृष्ठभूमिमा थप प्रतिबन्धले ठूलो मानवीय प्रभाव पार्ने उनले उल्लेख गरे ।

चीनले परिषद्को एकता र सहयोगलाई ठूलो महत्त्व दिन्छ, वर्तमान परिस्थितिमा परिषद्ले कोरियाली प्रायद्वीपमा शान्ति र स्थायित्वमा बाधा पुऱ्याउने विषयमाथि विमर्श हुनुपर्ने तथा उत्तर कोरियाका जनताले सामना गरिरहेका जीविकोपार्जनका समस्याका बारेमा चिन्तित हुनुपर्नेमा उनले जोड दिए ।

प्रायःद्वीपको अवस्था जटिल मोडमा रहेको उल्लेख गर्दै राजदूत झाङले चीनले फेरि पनि सबै पक्षलाई शान्त र संयमित हुन आह्वान गरेको र अमेरिकी पक्षलाई उत्तर कोरियाप्रतिको आफ्नो नीतिलाई गम्भीर भएर चिन्तन गर्न आह्वान गरे । साथै उनले वार्ता पुनः सुरु गर्नका लागि वातावरण बनाउन आग्रह गरे ।

चीनले कोरियाली प्रायद्वीपमा शान्ति र स्थायित्व कायम गर्न र आणविक निःशस्त्रीकरणलाई साकार पार्न रचनात्मक भूमिका निर्वाह गर्ने प्रतिबद्धता पनि उनले व्यक्त गरे । संयुक्त राष्ट्रसंघको मस्यौदा प्रस्ताव पारित गर्न परिषद्का स्थायी सदस्य रुस, चीन, फ्रान्स, बेलायत र संयुक्त राज्य अमेरिकासहित कम्तीमा नौ मत आवश्यक पर्छ र पाँचवटै स्थायी सदस्यले प्रस्तावको पक्षमा मतदान गर्नुपर्ने प्रावधान छ । *रासस/सिन्ह्वा*


**साम्राजी मिडिया सोलुसन प्रा.लि.को खारेजी (लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५।१२।०७ मा दर्ता भएको प्रा.लि.नं. २११२८१।०७५।०७६ को साम्राजी मिडिया सोलुसन प्रा. लि. लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मितिः २०७९।०२।१२ गतेको बिशेष वैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**विरेन्द्र शिवाकोटी**
**लिक्वीडेटर**



**क्लासिक गेष्ट हाउस प्रा.लि.को खारेजी (लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५।१२।०७ मा दर्ता भएको प्रा.लि.नं. २११२८०।०७५।०७६ को क्लासिक गेष्ट हाउस प्रा. लि. लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मितिः २०७९।०२।१२ गतेको बिशेष वैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**विरेन्द्र शिवाकोटी**
**लिक्वीडेटर**



**नाम परिवर्तन सम्बन्धी सूचना**

यस कम्पनीको मिति २०७९/०२/०५ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी (सर्वोदय इन्जिनियर्स प्रा. लि.) को नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम **"सर्वोदय इलेक्ट्रिकल्स प्रा.लि.(प्रा. लि. नं. १७२१०)"** कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।



**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **AL AKHWAH AL ARBAA CLEANING HOSPITALITY & SERVICES**

पूर्व स्वीकृति मिति २०७९/०२/१० | LT. No.263520 | चलानी नं.६०१७९८९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Clean Worker | 0 | 4 | 1000 | ३४,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः जेठ २३ गते (6th June. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११५/०५५/०५६

**GANDAKI OVERSEAS CONCERN PVT.LTD.**
Alok Nagar, Min Bhawan,Kathmandu Nepal
Tel: +977-01-4495749 | Fax: +977-1-4780947 | E mail: gandaki115@gmail.com



**मलेशियामा वैदेशिक रोजगारको अवसर**

कम्पनीः **NOVA SHIELD SDN.BHD**

पूर्व स्वीकृति मितिः २०७९/०२/१२ | LT. No. 263301 | चलानी नं. ६०१७९८६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security (Civil) | 44 | 0 | 1500 | ४२,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः जेठ २२ गते (5th June. 2022) मा हुनेछ ।**

**साथै यस कम्पनीको लागि Documentation (F)-2 मा पनि कर्मचारीको माग भई आएकोले ईच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/– रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रोजगारदाता आफैले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**J.P. Overseas Pvt. Ltd.**
Pingalasthan-9 Gausala, Ktm Nepal,Tel: +977-4490851
E-mail:jpoverseasnp@gmail.com, Web:www.jpoverseasnepal.com
श्रम ईजाजत नं. १२५७/०७४/०७५


# भारत र पाकिस्तानबीच सोमबार नयाँदिल्लीमा वार्ता हुँदै

**इस्लामाबाद–** भारत र पाकिस्तानबीच सिन्धु जलस्रोत स्थायी आयोगको ११८औं वार्ता सोमबार नयाँदिल्लीमा हुने भएको छ । वार्तामा जलविद्युत् आयोजनामा पानीको समस्याबारेमा छलफल हुनेछ ।

प्रधानमन्त्री शेहबाज शरीफले अनुमोदन गरेको पाकिस्तानको पाँच सदस्यीय प्रतिनिधिमण्डल सोमबार नयाँदिल्ली पुग्ने तथा दुवैपक्षले सिन्धु जल सन्धिका प्रमुख परियोजनामा छलफल गर्ने छन् । दुवैपक्षले बाढीको अग्रिम सूचना र सिन्धु जलस्रोत स्थायी आयोगको वार्षिक प्रतिवेदनमा पनि छलफल गर्ने छन् ।



त्यसैगरी सिन्धु जल सन्धिको धारा ९ अन्तर्गत एक हजार मेगावाटको पाकल दुल, ४८ मेगावाटको तल्लो कालनाई र ६२४ मेगावाटको किरु आयोजना निर्माणबारे विचारविमर्श गर्ने अपेक्षा गरिएको छ ।

पाकिस्तानी प्रतिनिधिमण्डल वाघा नाका हुँदै नयाँदिल्ली पुग्ने सोमबार र मंगलबार भारतीय अधिकारीसँग बैठक सकेर बुधबार स्वदेश फर्कने कार्यक्रम रहेको छ । पाकिस्तानी आयुक्त सैयद मेहर अली शाहको नेतृत्वको प्रतिनिधिमण्डल आइतबार भारत प्रस्थान गर्नेछ । *रासस/एएनआई*


**कर्मचारी आवश्यकता**

यस **Vera Health Pvt.Ltd.** कम्पनीका लागि कर्मचारी आवश्यकता परेको हुदाँ इच्छुक व्यक्तिहरुले आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**पद** : **Call Center / Customer Services**
**संख्या** : **५०**
**योग्यता** : +2 pass
**समय** : बिहाँन ९:०० बजेदेखि ५:०० बजेसम्म
दिउँसो १:०० बजेदखि ९:०० बजेसम्म
**तलब : रू. २०,०००।-**

**Vera Health Pvt.Ltd.**
Bashundhra, Kathmandu, Nepal
Phone No.9803496508
Email : verahealthnp@gmail.com



**वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर**

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । धुवको पसल - डिल्लीबजार, फोन नं. : ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी - गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं. **9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – ९७८०० | प्रति तोला – ९७३ ०० | प्रति तोला – १२७०



**ड्रागन फ्रुटः** म्याग्दीको बेनी नगरपालिका–३ सिंगामा हरियाली ग्रुपले गरेको ड्रागन फ्रुटको खेती । *तस्बिरः कमल खत्री/रासस*

# कर्मचारीकै संलग्नतामा मूल्यवृद्धि

■ प्रभाव संवाददाता

**काठमाडौं–** देशमा अत्याधिकमात्रामा मूल्यवृद्धिमा सरकारी कर्मचारीको संलग्नता रहेको पाइएको छ । सरकारकै छत्रछाँयामा बसेर कमिसन बुझ्दै मूल्यवृद्धि गरेको आरोप लागेको छ । अन्तर्राष्ट्रिय बजारमा भएको मूल्यवृद्धिको साथै अन्य बिभिन्न कारणले नेपाली बजारमा दैनिक उपभोग्य वस्तु तथा सेवामा अत्याधिक महंगी बढी रहेकोभन्दै सो मूल्यवृद्धि नियन्त्रण गर्ने तर्फ सरकार नलागेको उपभोक्ताबादीहरूले बताएका छन् ।

उपभोक्ताबादीहरूले हरेक सेवा तथा वस्तुमा भएको मूल्यवृद्धिले नेपाली जनताको दैनिक जीवन अत्यन्त कष्टकर बन्दै गएको र सो बाट दैनिक ज्यालामजदुरी गरी जीवन पाल्दै आएको समुह मारमा परेकाले सो समस्या समधान गर्न सरकारले विशेष राहतको प्याकेज ल्याउन समेत सरकारसंग माग गरेका छन् ।

पेट्रोलियम पदार्थको मूल्यवृद्धिले अचाक्लै पीडा दिन थालेको यसैको कारण बढेको मूल्यवृद्धिलाई न्यूनिकरण गर्नको लागी बिभिन्न देशले आफनो देश र जनताको आवश्यकताको आधारमा विभिन्न राहतका प्याकेजहरू घोषणा गर्दै जनतालाई सुबिधा दिन थाली सकेको भएपनि नेपालमा भने त्यसतर्फ कुनै ध्यान नदिएको राष्ट्रिय उपभोक्ता मञ्चले जानएको छ ।

सो मञ्चका अध्यक्ष प्रेमलाल मर्हजनका अनुसार भारत सरकारले पेट्रोलियम पदार्थमा लाग्दै आएको अन्तशुल्क हटाउने निर्णय गरेर आफ्ना जनतालाई राहत दिएको तर नेपालमा भने उल्टो अन्तर्राष्ट्रिय बजारमा मूल्य बढेको देखाउदै अत्याधिकमात्रामा मूल्यवृद्धि गरेकाले तत्काल सो काम रोकी राहात प्याकेज ल्याउन माग गरेको बताए । भारत सरकारले खाद्य तेल (भटमास, बनस्पति र सनफलावर) तेलमा लाग्दै आएको आयात शुल्क शून्यदरमा झारेको, ५ प्रतिशत जिएसटि लाग्दै आएकोमा पूरै हटाएको र चिनीको निर्यातमा प्रतिबन्धात्मक व्यवस्था लागु गरसंगै भारतका आम नागरिकलाई ठूलो राहत पाएको उनले बताए ।

तर नेपाल सरकारले भने राहातको प्याकेज त परै जाओस् अझै मूल्यवृद्धि गर्ने रणनीतिमामात्रा लागेको अध्यक्ष महर्जनले बताए । भारतबाट नेपालको अधिकांश मांग पूर्ति गर्दै आएको चिनीको निर्यातमा प्रतिबन्ध लाग्ना साथ नेपाली बजारमा चिनीको मूल्य स्वभाविक रूपमा बढ°ने निश्चित भएको समेत उनले बताए । खाद्य तेलको आपूर्ति तथा बिक्री वितरणमा गरेको सुधारले नेपालबाट तेलको अवैध चोरी निकासी हुने प्रवल सम्भावना रहेको भन्दै त्यो नियन्त्रण गर्न सरकारले ध्यान नदिएको समेत उनले बताए । बजारमा आपूर्ति व्यवस्था सहज बनाइ राख्नको लागी नेपाल सरकारले स्वदेशी उद्योगहरूलाई तत्काल नै विशेष सुबिधा दिएर खाद्य तेल लगायत अन्य कृषिजन्य उत्पादन गर्न प्रोत्साहित गर्न समेत सो मञ्चले माग गरेको छ ।

केही समयको लागी स्वदेशी उत्पादनमा लाग्दै आएको बिभिन्न करहरूमा पुनरावलोकन गर्ने र विदेशबाट आयत गरी आपूर्ति गर्नु पर्ने दैनिक अत्यावश्यकहरूमा करको दरमा सुधार गर्ने र हटाउने कार्य गरी उपभोक्तामुखी बनाउन अत्यन्त जरुरी भई सकेको भन्दै त्यस कार्यमा लाग्न सरकारलाई मञ्चले आग्रह गरेको छ ।

प्रि-बजेट छलफल

# 'आयात प्रतिस्थापन गर्दै निर्यात प्रवर्द्धनको विकल्प छैन'

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले नीति तथा कार्यक्रमले आत्मनिर्भर उन्मुख अर्थतन्त्रलाई जोड दिएको भन्दै स्वागतयोग्य रहेको बताएका छन् । उनले नीति तथा कार्यक्रमले आयात प्रतिस्थापन गर्दै निर्यात प्रवर्द्धन गर्ने र कृषि उत्पादनमा जोड दिएको बताए । उनले भने, 'ऊर्जा र पर्यटनमार्फत अर्थतन्त्रको पुनरुत्थान गर्ने मनसाय प्रष्ट छ ।' यद्यपि, सरकारले ल्याएको नीति तथा कार्यक्रममा संशोधन प्रस्ताव र र सुझाव समेत आएकाले त्यसलाई प्रधानमन्त्रीले समेट्नेमा उनी विश्वस्त देखिए । नेपाली काँग्रेसका महामन्त्री गगन थापाले देशको अर्थतन्त्र समस्या ग्रस्त मात्र नभई संकटग्रस्त हुँदै गएको बताएका छन् ।

उनले प्रि-बजेट छलफलका क्रममा अर्थतन्त्र संकटग्रस्त हुँदै गएको बताएका हुन् । उनले भने, 'अर्थतन्त्रमा जोखिम आइसक्यो, त्यसैले जोखिम सम्बोधन गर्न सरकारले नै सबैभन्दा बढी ध्यान दिनुपर्छ, आजको सबैभन्दा ठूलो चूनौती व्यापारघाटा हो ।' पछिल्लो १० महिनामा नेपालले १६ खर्बको आयात गर्दा १ खर्बको सामान बेच्नु अर्थतन्त्रको सबैभन्दा ठूलो चूनौति भएको थापाले बताएका छन् । थापाले भने,'नेपालजस्तो अर्थतन्त्र भएको मुलुकलाई सबैभन्दा ठूलो चूनौति नै व्यापार घाटा हो, कतिपय देशलाई व्यापारघाटा ठूलो चूनौति होइन, तर, नेपालजस्तो अर्थतन्त्र भएको मुलुकमा यो समस्या हो ।' खासगरी, पेट्रोलियम पदार्थको बढ्दो आयात नै व्यापारघाटा न्यूनीकरणको चूनौति भएको थापाको भनाइ छ ।

कृषि प्रधान देश भनिए पनि सबैजसो कृषिजन्य वस्तुको आयात बढ्दा समेत देशको अर्थतन्त्र झन संकटतर्फ मोडिएको थापाको दाबी गरेका छन् । उनले अहिलेकै तरिकामा अघि बढ्दा देशको अर्थतन्त्र दुर्घटना हुन सक्नेमा चिन्ता व्यक्त गरे ।

नेपाल आत्मनिर्भर उन्मुख औद्योगिक उत्पादनको आयात घटाउन सरकारलाई उनले आग्रह गरे । थापाले भने, 'हामी सुपारी र मरिच ल्याउँदैनौं, अन्य नचाहिने वस्तुको आयात समेत गर्दैनौं भनेर सरकारले भन्नुपर्छ, सरकारले यसो भनेपछि मात्रै सर्वसाधारणले पनि नचाहिने वस्तुको खरिद गर्दैनन् । जसले आयात घटाउँछ ।' खुला सिमानाको दुरूपयोग गर्दै भइरहेको टेक्सटायल र जुत्ता चप्पलको चोरी पैठारीलाई रोक्न सम्पूर्ण सरकारी संयन्त्र नै सक्रिय हुनुपर्ने थापाले बताए ।

यसैगरी, नेकपा एमालेका नेता विष्णु पौडेलले वर्तमान सरकार चुनावी सरकार भएकाले दीर्घकालिन महत्वका आयोजना अघि बढाउन नपाउने बताएका छन् । उनले सरकारले दीर्घकालिन महत्वका आयोजनालाई निर्धक्क अघि बढाउन नपाउने बताएका हुन् । पौडेलले भने,'आउँदो मंसिरमा चुनाव गर्नुपर्ने स्थिति छ, त्यसैले दीर्घकालिन दायित्व थप्ने काम यो सरकारले गर्न पाउँदैन ।' उनले बुढीगण्डकी जलविद्युत आयोजना स्वदेशी लगानीबाट बनाउने निर्णय हावादारी भएको समेत बताए ।

उनले भने, 'बजेट स्रोतको सिमामा नरहने र स्रोतभन्दा बाहिर जाने जोखिमको निम्त्याएको छ, यो सरकार चुनावी सरकार हो । हामीले मंसिरभित्र चुनाव सम्पन्न गरिसक्नुपर्ने संवैधानिक व्यवस्था छ ।' सरकारले आर्थिक दायित्व थपिने प्रकृतिका र आगामी चुनावपछि आउने सरकारलाई बोझ थप्ने खालका योजना ल्याउन नपाउने उनको भनाइ रहेको छ । उनले यो सरकारलाई पपुलिस्ट कार्यक्रम ल्याउने अनुमति छैन, अहिले केही मिडियामा बजेटका सूचना चुहिएको छ । यसले बजेटका सूचना चुहिएको देखिन्छ । बजेटको गोपनियता राख्न सरकारले नसकेको बताए ।

# राजस्वको मुहान थुनेर आर्थिक विकास हुँदैन : नाडा

**काठमाडौं (प्रस)–** अटोमोवाइल क्षेत्रलाई सरकारले नजरअन्दाज गरी निजी प्रयोजनका कार, जीप र भ्यानलाई आउदो असार मसान्तसम्मको लागि त्यसको आयातमा प्रतिवन्ध तत्काल हटाउन पुनः माग गरिएको छ । सरकारले सबैभन्दा धेरै राजस्व संकलन गर्ने निजी सवारीसाधनको आयात रोकेर राजस्वको मुहान थुनेको बताउदै सो कार्य तत्काल खुला गर्न नाडा अटोमोवाइल्स एशोसिएशन अफ नेपाले माग गरेको हो । नाडाले कुल आयातको १ प्रतिशतभन्दा केही बढीमात्रै मूल्यको आयात हुने निजी सवार िसाधन सरकारले रोकेको तथ्यांकले देखाएको छ । नाडाले सार्वजनिक गरेको तथ्यांक अनुसार चालु आर्थिक वर्षको ९ महिनामा १४ अर्ब १३ करोड रूपैयाँ बराबरको पेट्रोलियम पदार्थबाट चल्ने कार आयात भएको र उक्त आयात वापत भन्सार विन्दुमा नै ३२ अर्ब २४ करोड रूपैयाँ राजस्व संकलन भएको उल्लेख गरेको छ ।

सरकारले २५० देखि ३५० प्रतिशतसम्म कर लगाउँदै आएको पेट्रोलियम पदार्थबाट चल्ने कार पूर्णरूपमा असार मसान्तसम्म बन्द गरेसँगै नाडाले तथ्यांक सार्वजनिक गरेको हो । उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयले विदेशी मुद्रा सञ्चितिमा चाप परेको भन्दै गएको बैशाख १३ गतेबाट असार मसान्तसम्मको लागि निजी प्रयोजनमा प्रयोग हुने पेट्रोलियम पदार्थबाट चल्ने कारको आयात प्रतिबन्ध लगाएको थियो ।

सरकारले विदेशी मुद्रा बाहिर गएको भने पनि अहिले अयात रोकिएको कार चालु आवको ९ महिनामा १२ करोड डलर हाराहारीको मात्रै आयात भएको तथ्यांकमा देखिन्छ । यो भनेको कुल आयातको १ प्रतिशत हाराहारी मात्रै हो ।

यस अवधिमा अति न्यून राजस्व उठ्ने बस्तु सुन २८ अर्व ३९ करोड, मोवाइल फोन सेट ३५ अर्व ६ करोड, चुरोट २ अर्व ४२ करोड, चाँदी १२ अर्व ८३ करोड, पाम आयल ३२ अर्व ४ करोड र तास १९ अर्व ५५ करोड रूपैयाँको आयात भएको देखिन्छ । अटोमोबाइल क्षेत्र केबल गाडी आयात गरेर विक्री गर्ने मात्र नभई यसले समग्र अर्थतन्त्रको इको सिस्टमलाई नै चलाउन नाडाले उल्लेख गरेको छ ।

हार्दिक बधाई एवं शुभकामना



तेमाल गाउँपालिकाको अध्यक्षमा श्री चन्द्रबहादुर तामाङ र उपाध्यक्षमा श्री दलमान थोकर (डिएम) विजयी हुनुभएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

तेमाल गाउँपालिका परिवार
काभ्रेपलाञ्चोक, बागमती प्रदेश ।

चट्याङबाट बचौं र बचाऔं ।

चट्याङबाट बच्न,
- घरबाहिर हुनुहुन्छ भने,
- अग्लो र एक्लो रूखमुनि नबस्ने,
- पौडिने, माछा मार्ने तथा र्‍याफ्टिङ जस्ता क्रियाकलाप नगर्ने,
- खुल्ला मैदानमा नबस्ने,
- धातुबाट बनेका तारबार नजिक नबस्ने,

घरभित्र हुनुहुन्छ भने,
- विद्युतीय सामाग्रीहरू जस्तै टीभी, कम्प्युटर, फ्रिज, वासिङ मेसिन नजिक नबस्ने र प्रयोग नगर्ने,
- तारसहितको टेलिफोन (ल्यान्डलाइन) प्रयोग नगर्ने,
- घरबाट बाहिर ननिस्कने,
- धारामा नुहाउने, लुगा धुने र भाँडा माझ्ने काम नगर्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : काठमाडौं–७, सिफल, नेपाल, फोन नं. ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, अध्यक्षः दुर्गाबहादुर लिम्बू, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ